# लुम्बिनी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८१/८२)




**लुम्बिनी प्रदेश**

नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय
२०८२ असार

# प्राक्कथन

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल गर्न तथा नेपाल सरकारको आर्थिक सल्लाहकारको भूमिका निर्वाह गर्न नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नियमित रुपमा प्रकाशन गर्दै आएको छ ।

मुलुक संघीय संरचनामा गएपश्चात् यस बैंकका प्रादेशिक कार्यालयहरुबाट सम्बन्धित प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा अध्ययन/अनुसन्धान गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने र त्यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी प्रत्येक आर्थिक वर्षमा दुई पटक प्रकाशन गर्ने गरिएको छ । सोही सन्दर्भमा **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६** (**प्रथम संशोधन, २०७९ सहित**) मा आधारित रही नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयबाट आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदन तयार गर्ने क्रममा लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटा जिल्लाहरु रुपन्देही, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, रुकुम पूर्व, रोल्पा र प्यूठानको आर्थिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार लगायतका विषयहरु समावेश गरी निर्दिष्ट ढाँचामा तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण गरी क्षेत्रगत सम्भावना र चुनौतीहरुलाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरी तयार पारिएको यो प्रतिवेदन तीनै तहका सरकार, निजी क्षेत्र, शोधकर्ता, विद्यार्थी लगायत अन्य सरोकारवालाहरुलाई उपयोगी हुने मैले विश्वास लिएको छु । प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क, सूचना र विवरण उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालय तथा मातहतका कार्यालयहरु, जिल्लास्थित सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु ।

यो प्रतिवेदन तयार गर्न संलग्न हुनुहुने यस कार्यालयका उप-निर्देशक श्री जीवन प्रकाश पाण्डेय, सहायक निर्देशकद्वय श्री सन्तोष गुप्ता र श्री निर्मला दाहाल र प्रधान सहायकहरु श्री पदमराज भुसाल, श्री दीपक गौतम र श्री प्रदिप घिमिरेलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क संकलन तथा समन्वयका लागि आर्थिक अनुसन्धान इकाई नेपालगञ्ज कार्यालयका उप निर्देशक श्री भुवानी प्रसाद गौतम, सहायक निर्देशकद्वय श्री मामराज पाथिक धोवी र श्री रेनु सुवाल, सहायकहरु श्री सौगात परियार, श्री आश्रित ओझा र श्री टिकाराज मानन्धरलाई समेत धन्यवाद ज्ञापन गर्दछु ।

**रमेश आचार्य**
**निर्देशक**

## विषय-सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| आवरण पृष्ठ | | | |
| प्राक्कथन | | | i |
| विषय सूची | | | ii |
| तालिका सूची | | | iv |
| चार्ट सूची | | | iv |
| सारांश | | | v |
| शीर्षक | | | |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | **१–२** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २** | **प्रदेशको तुलनात्मक स्थिति** | | **३–५** |
| | २.१ | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ४ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | **६–१३** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ७ |
| | ३.३ | पशुपन्छी तथा माछा उत्पादन | ९ |
| | ३.४ | वनजन्य उत्पादन | १० |
| | ३.५ | सिँचाइ | ११ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | ११ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १२ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | **१४–१७** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १४ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १६ |
| | ४.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | **१८–२५** |
| | ५.१ | पर्यटन | १८ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | १९ |
| | ५.३ | वित्तीय सेवा | १९ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | २२ |
| | ५.५ | सहकारी | २३ |
| | ५.६ | परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री | २३ |
| | ५.७ | भारतीय मुद्रा खरिद/बिक्री | २३ |
| | ५.८ | मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी | २४ |
| | ५.९ | सेवा क्षेत्रको चुनौती र सम्भावना | २४ |
| **परिच्छेद ६** | **पूर्वाधार र रोजगारी** | | **२६–२९** |
| | ६.१ | पूर्वाधार क्षेत्र | २६ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | २७ |
| | ६.३ | रोजगारी | २८ |

| | | | |
|---|---|---|---|
| | ६.४ | रोजगारी क्षेत्रका चुनौती र सम्भावना | २८ |
| **परिच्छेद ७** | **प्रादेशिक कार्यक्रम तथा योजना** | | **३०–३२** |
| | ७.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ३० |
| | ७.२ | स्थानीय तहको बजेटको प्रगति अवस्था | ३१ |
| **परिच्छेद ८** | **आर्थिक परिदृष्य** | | **३३–३४** |
| | ८.१ | कृषि क्षेत्र | ३३ |
| | ८.२ | औद्योगिक क्षेत्र | ३३ |
| | ८.३ | सेवा क्षेत्र | ३३ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ३४ |

| तालिका-सूची | पेज नं. |
|---|---|
| तालिका २.१: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान | ४ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्रको जिल्लागत हिस्सा | ७ |
| तालिका ३.२: कृषि उपज उत्पादनको जिल्लागत हिस्सा | ९ |
| तालिका ३.३: पशुपन्क्षी तथा माछा उत्पादनको जिल्लागत हिस्सा | १० |
| तालिका ३.४: कृषि कर्जाको जिल्लागत स्थिति | १२ |
| तालिका ४.१: जिल्लागत उद्योगको अवस्था | १४ |
| तालिका ४.२: औद्योगिक उत्पादन | १५ |
| तालिका ४.३: क्षेत्रगत औद्योगिक कर्जा | १६ |
| तालिका ४.४: जिल्लागत औद्योगिक कर्जा तथा अवस्था | १६ |
| तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर | १८ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | १९ |
| तालिका ५.३: शाखा संख्या, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ र शाखारहित बैंकिङ सेवा | २० |
| तालिका ५.४: जिल्लागत निक्षेप र कर्जाको अवस्था | २० |
| तालिका ५.५: निक्षेपको हिस्सा | २१ |
| तालिका ५.६: विपन्न वर्ग कर्जा र सहुलियतपूर्ण कर्जाको जिल्लागत हिस्सा | २२ |
| तालिका ५.७: कुल सेवा कर्जाको जिल्लागत अवस्था | २२ |
| तालिका ५.८: सहकारी सेवा | २३ |
| तालिका ५.९: परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री विवरण | २३ |
| तालिका ५.१०: भारतीय मुद्रा खरिद/बिक्री विवरण | २४ |
| तालिका ५.११: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण | २४ |
| तालिका ६.१: सडक पूर्वाधारको भौतिक प्रगति | २६ |
| तालिका ६.२: आ.व. २०८१/८२ को अर्धवार्षिक जिल्लागत रोजगारी | २८ |
| तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति | ३१ |
| तालिका ७.२: स्थानीय तहहरुको खर्च र राजस्वको स्थिति | ३२ |
| तालिका ७.३: स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण | ३२ |

| चार्ट-सूची | पेज नं. |
|---|---|
| चार्ट २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा | ३ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीको भू-क्षेत्रको अवस्था | ६ |
| चार्ट ३.२: खाद्य तथा अन्य बालीको उत्पादनको अवस्था | ८ |
| चार्ट ३.३: वनजन्य उत्पादनको अवस्था | ११ |
| चार्ट ३.४: कुल सिञ्चित क्षेत्रफलको अवस्था | ११ |
| चार्ट ४.१: औद्योगिक क्षमता उपयोग | १५ |

## सारांश

### समष्टिगत स्थिति

१. आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ताको मूल्यमा ४.७० प्रतिशत पुग्ने प्रारम्भिक अनुमान छ । गत आर्थिक वर्ष २०८०/८१ यस्तो वृद्धिदर ३.९४ प्रतिशत रहेको संशोधित अनुमान छ । चालु आर्थिक वर्षमा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको १४.२३ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान छ ।

### कृषि क्षेत्र

२. आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा प्रमुख कृषि बालीले ढाकेको कुल क्षेत्रफल र कुल उत्पादन गत वर्षको सोही अवधिको तुलनामा क्रमशः ०.१७ र २.६३ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तमा फलफूल बालीले ढाकेको क्षेत्रफल ४.६० प्रतिशतले वृद्धि भएको छ भने तरकारी र मसला बालीले ढाकेको क्षेत्रफलमा क्रमशः ५.६३ प्रतिशत र १३.५८ प्रतिशतले ह्रास आएको छ ।

३. समीक्षा अवधिमा मसला उत्पादन ३१.०९ प्रतिशत, फलफूल उत्पादन ३.७१ प्रतिशत र तरकारी उत्पादन २.०४ प्रतिशतले ह्रास भएको छ । समीक्षा अवधिमा दुध उत्पादन १.७४ प्रतिशतले, मासु उत्पादन ०.२४ प्रतिशतले र माछा उत्पादन ०.९४ प्रतिशतले वृद्धि भएको छ भने अण्डाको उत्पादनमा १.१० प्रतिशतले ह्रास आएको छ ।

४. समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादनमा २०.३६ प्रतिशतले ह्रास आएको छ भने अन्य उत्पादनमा १५.९४ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, औषधीजन्य वस्तुको उत्पादनमा ३१८.१३ प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा अवधिसम्म यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमध्ये ४.११ प्रतिशतमा मात्र सिँचाई सुविधा पुगेको छ ।

६. समीक्षा अवधिमा कृषि क्षेत्रमा प्रवाहित कर्जा ४.६० प्रतिशतले वृद्धि भएको छ । कुल प्रवाहित कृषि कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४०.८९ प्रतिशत र रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.३४ प्रतिशत मात्र रहेको छ ।

### उद्योग क्षेत्र

७. समीक्षा अवधिमा यस प्रदेशका उद्योगहरुको औसत क्षमता उपयोग ४८.२३ प्रतिशत रहेको छ । यस्तो क्षमता उपयोग गत वर्षको सोही अवधिमा ४५.९६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य उद्योग अन्तर्गत चामल र गहुँको पिठोको उत्पादन क्रमशः ३७२.३ प्रतिशत र ११.६७ प्रतिशतले वृद्धि भएको छ भने तोरीको तेलको उत्पादनमा १०.२४ प्रतिशतले ह्रास आएको छ ।

८. समीक्षा अवधिमा चामल, प्लाईउड, रोजिन, स्न्याक्स, चाउचाउ, क्याप्सुल, सिन्थेटिक कपडा, आल्मुनियम, चप्पल, गहुँको पिठो, ओइन्टमेन्ट, सिमेन्ट, प्लाष्टिकका सामान, मदिरा र ट्यावलेटको उत्पादनमा वृद्धि भएको छ भने पशुदाना, वियर, बिजुलीको तार, कागज, फलामको छड तथा पत्ति, ड्राइ सिरप, तोरीको तेल तथा लिक्युडको उत्पादनमा ह्रास भएको छ ।

९. समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा कुल कर्जाको २३.९२ प्रतिशत रहेको छ । औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगहरुमा ४१.६९ प्रतिशत र सबैभन्दा कम खानी सम्बन्धी उद्योगहरुमा ०.६५ प्रतिशत रहेको छ ।

**सेवा क्षेत्र**

१०. समीक्षा अवधिमा पर्यटकस्तरीय होटल शैया सङ्ख्यामा ७.२८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, कोठा शैया बिक्री २७.५९ प्रतिशत, प्रत्यक्ष रोजगारी सङ्ख्या ७.७८ प्रतिशत, पर्यटक आगमन सङ्ख्या २१.२६ प्रतिशत र अकुपेन्सी दर १८.९३ प्रतिशतले वृद्धि भएको छ ।

११. २०८१ पुस मसान्तसम्ममा यस प्रदेशमा क, ख, ग र घ वर्गका गरी जम्मा २१६७ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका छन् ।

१२. समीक्षा अवधिसम्ममा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुले ४० लाख ६२ हजार ४३८ मोबाईल बैंकिङ सेवा र ३ लाख ३३ हजार ८ सय ११ ईन्टरनेट बैंकिङ सेवा प्रदान गरेका छन् ।

१३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप गत अवधिको तुलनामा ११० प्रतिशतले वृद्धि भएको छ भने कुल कर्जा ११.०७ प्रतिशतले वृद्धि भएको छ ।

१४. समीक्षा अवधिमा बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी तथा कुल बचतमा क्रमशः १०.४८ प्रतिशत र ७.६४ प्रतिशतले वृद्धि भएको छ भने कुल ऋण प्रवाहमा ३.१८ प्रतिशतले वृद्धि छ ।

**पूर्वाधार क्षेत्र**

१५. २०८१ पुस मसान्तसम्ममा नारायणघाट बुटवल सडक (पश्चिम खण्ड) योजनाको भौतिक प्रगति ५३.३७ प्रतिशत र वित्तीय प्रगति ४४.३८ प्रतिशत भएको छ । २०८१ पुस मसान्तसम्ममा सिद्धबाबा सुरुङ मार्ग आयोजनाको भौतिक प्रगति ३९.५० प्रतिशत र वित्तीय प्रगति ३९.९० प्रतिशत भएको छ ।

१६. २०८१ पुस मसान्तसम्ममा सिक्टा सिँचाइ आयोजनाको भौतिक प्रगति ४१.७७ प्रतिशत र वित्तीय प्रगति ४१.०९ प्रतिशत भएको छ । २०८१ पुस मसान्तसम्ममा बबई सिँचाई आयोजनाको भौतिक प्रगति ७३.५१ प्रतिशत र वित्तीय प्रगति ७५.०१ प्रतिशत भएको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले देशको बैंकिङ तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको आन्तरिक तथा बाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयनमार्फत समष्टिगत आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिमका उद्देश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी नियमित रुपमा आर्थिक गतिविधि सम्बन्धी अध्ययन एवम् प्रतिवेदन तयार गरी प्रकाशन गर्दै आएको छ । यस्तो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन वार्षिक (साउनदेखि असार मसान्त) र अर्ध-वार्षिक (साउनदेखि पुस मसान्त) सम्म गरी एक आर्थिक वर्षमा २ पटक प्रकाशन गर्दै आएको छ ।

यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक वर्ष २०८१/८२ साउनदेखि पुस मसान्तसम्मको अर्ध-वार्षिक तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरेको छ । लुम्बिनी प्रदेशको आर्थिक गतिविधि अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका नवलपरासी (ब.सु.प.), रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा गरी ८ वटा जिल्लाहरुबाट र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका बाँके, बर्दिया, दाङ र रुकुमपूर्व गरी ४ जिल्लाहरुबाट संकलन गरी प्रतिवेदन तयार गर्ने गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुस मसान्तसम्ममा लुम्बिनी प्रदेशमा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरिएको छ । मुख्यगरी कृषि, उद्योग, सेवा, पूर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको स्थिति र आवधिक परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको हिस्सा एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ ।

१. नेपाल राष्ट्र बैंकबाट जारी भएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" अनुसार यस प्रदेशका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु, निर्देशनालयहरुका साथै जिल्लास्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ ।
२. संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु, जिल्ला वन कार्यालयहरुबाट कृषि, वन र पशुपालन लगायतका तथ्याङ्क संकलन गरिएको छ ।
३. नमूना छनौटमा परेका उद्योगहरुमध्ये रुपन्देहीबाट १३, नवलपरासी (ब.सु.प.) बाट ५, दाङबाट ३, बाँकेबाट ६ र बर्दियाबाट २ गरी जम्मा २९ वटा उद्योगहरुबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट उद्योग सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ ।
४. खाद्य तथा अन्य बाली अन्तर्गतका धान, गहुँ, मकै, कोदो, जौं र फापरले ढाकेको क्षेत्रफल र उत्पादन, कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा सङ्ख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन सङ्ख्या र सो बापतको राजस्व रकमसँग सम्बन्धित तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, काठमाडौंबाट प्राप्त गरिएको छ ।
५. पर्यटनसँग सम्बन्धित तथ्याङ्क नमूना छनौटमा परेका १७ वटा पर्यटकस्तरीय होटलहरुको स्थलगत सर्वेक्षण, अध्यागमन कार्यालयहरु, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, होटल व्यवसायी संघ प्रदेश कार्यालयबाट संकलन गरिएको छ ।

६. सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका १५ वटा बचत तथा ऋण सहकारी संस्थाहरुको नमूना छनौट गरी विवरण संकलन गरिएको छ । मनिचेञ्जर तथा विदेशी मुद्रा सटही, फण्ड ट्रान्सफर, परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/बिक्री सम्बन्धी विवरण नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट लिइएको छ ।

७. प्रादेशिक सरकारी वित्त सम्बन्धी विवरण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र वैदेशिक व्यापार सम्बन्धी विवरण सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट प्राप्त गरिएको छ ।

८. प्रदेश सरकारको कार्यक्रम तथा परियोजना, स्थानीय तहको कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयन सम्बन्धी विवरण लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय तथा छनौटमा परेका ५ वटा स्थानीय तहहरुबाट लिइएको छ ।

९. लुम्बिनी प्रदेशमा पूर्वाधारसँग सम्बन्धित स्थापित एवम् हालसालै घोषणा गरिएका राष्ट्रिय गौरवका आयोजना, निजी क्षेत्रका आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरु मध्ये नमूना छनौटमा परेका ४ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतीहरु सम्बन्धी तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदनमा समेटिएको छ ।

१०. स्थलगत सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्क र विभिन्न स्रोतबाट प्राप्त द्वितीय तथ्याङ्कहरु Statistical Tools का आधारमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यो अध्ययन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।

१. मुलुक प्रादेशिक संरचनामा गएपश्चात् तथ्याङ्क प्रदायक निकायहरुको समेत पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पनि निरन्तर भइरहेकाले पूर्ण एवं अद्यावधिक तथ्याङ्क प्राप्त हुन कठिनाइ रहेको छ ।

२. नमुना छनौटमा परेका २९ वटा उद्योगहरुबाट प्राप्त तथ्याङ्क एवं सूचनाहरुको आधारमा उद्योग क्षेत्रको विश्लेषण गरिएको छ ।

३. लुम्बिनी प्रदेशका ३६ वटा स्थानीय तहहरु (उप महानगरपालिका/नगरपालिका) बाट घरनक्सा पास तथा ५ वटा ठूला स्थानीय तहहरुको मात्र वित्त स्थितिको तथ्याङ्क संकलन गरिएको छ ।

४. पर्यटन क्षेत्र अन्तर्गत होटलको अकुपेन्सी दर तथा रोजगारी विश्लेषण गर्न १७ वटा पर्यटकस्तरीय होटल छनौट गरिएको छ भने सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न १५ वटा बचत तथा ऋण सहकारी संस्थाहरु मात्र छनौट गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधोन, २०७९)" ले तोकेको ढाँचा बमोजिम तयार गरिएको छ । यस अध्ययनलाई ८ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययन परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी, परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ८ मा आर्थिक परिदृष्यसँग सम्बन्धित तथ्याङ्क, सूचना र विश्लेषण प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

## प्रदेशको तुलनात्मक स्थिति


कृषि तथा औद्योगिक उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने लुम्बिनी प्रदेशको कुल क्षेत्रफल १७ हजार ८ सय १० वर्ग किलोमिटर रहेको छ, जुन नेपालको कुल क्षेत्रफलको १२.१० प्रतिशत हिस्सा हो । यस प्रदेशमा १२ जिल्लाहरु रहेका छन्, जसअन्तर्गत ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु रहेका छन् ।

यस परिच्छेदमा लुम्बिनी प्रदेशको भू-भाग, जनसङ्ख्या, राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको योगदान, कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत स्थिति, अन्तर प्रदेश तुलना र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती समावेश गरिएको छ ।

### २.१ प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन करिव रु.८ खर्ब ६९ अर्ब रहने प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु.८ खर्ब १६ अर्ब रहेको संशोधित अनुमान छ । आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ताको मूल्यमा ४.७० प्रतिशत पुग्ने प्रारम्भिक अनुमान छ भने आर्थिक वर्ष २०८०/८१ मा यस्तो वृद्धिदर ३.९४ प्रतिशत रहेको संशोधित अनुमान छ । चालु आर्थिक वर्षमा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको १४.२३ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान छ ।

**चार्ट २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा (प्रतिशतमा)**




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

लुम्बिनी प्रदेशमा चालु आ.व. २०८१/८२ मा कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै यातायात तथा भण्डारण क्षेत्रको ९.७० प्रतिशत र सबैभन्दा कम खानी तथा उत्खनन् क्षेत्रको २.०० प्रतिशत रहने प्रारम्भिक अनुमान छ । त्यसैगरी, गत आ.व. २०८०/८१ मा कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्यास क्षेत्रको २१.८१ प्रतिशत र सबैभन्दा कम उत्पादनमूलक उद्योग क्षेत्रको १.५९ प्रतिशतले ऋणात्मक रहने संशोधित अनुमान छ ।

औद्योगिक वर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा धेरै ३१.०२ प्रतिशत रहने र सबैभन्दा कम प्रशासनिक तथा सहयोगी सेवा क्षेत्रको ०.३५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ (चार्ट २.१) ।

## २.२ अन्तरप्रदेश तुलना

आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन रु.६१ खर्ब ७ अर्ब रहने प्रारम्भिक अनुमान छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशले सबैभन्दा धेरै ३६.५२ प्रतिशत र कर्णाली प्रदेशले सबैभन्दा कम ४.१९ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान रहेको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशगत रुपमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको तुलना गर्दा सबैभन्दा बढी योगदान मधेश प्रदेशको ३६.७० प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको ११.८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। उद्योग क्षेत्रको योगदान गण्डकी प्रदेशमा सबैभन्दा बढी १७.१० प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ९.६ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। त्यसैगरी, सेवा क्षेत्रको योगदान बागमती प्रदेशमा सबैभन्दा बढी ७७.१० प्रतिशत र कोशी प्रदेशमा सबैभन्दा कम ४९.८० प्रतिशत हुने अनुमान रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको कृषि, उद्योग तथा सेवा क्षेत्रको योगदान क्रमशः ३१.० प्रतिशत, १४.० प्रतिशत र ५५.० प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ।

आर्थिक वर्ष २०८१/८२ को उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै गण्डकी प्रदेशको ५.५१ प्रतिशत र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशको ३.३२ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। आ.व. २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत पुग्ने प्रारम्भिक अनुमान रहेको छ (तालिका २.१)।

**तालिका २.१: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व.२०८१/८२)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | राष्ट्रिय |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य,रु.अर्बमा) | ९७१ | ८०४ | २२३० | ५४८ | **८६९** | २५६ | ४३० | ६१०७ |
| राष्ट्रिय उत्पादनमा अंश | १५.९ | १३.१६ | ३६.५२ | ८.९८ | **१४.२३** | ४.१९ | ७.०३ | १०० |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) (प्रतिशतमा) | ३.३४ | ४.५ | ५.१८ | ५.५१ | **४.७** | ४.७४ | ३.३२ | ४.६१ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | ३४.१ | ३६.७ | ११.८ | २७.१ | **३१.०** | ३१.५ | ३४.७ | २५.२ |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १६.१ | १०.७ | ११.१ | १७.१ | **१४.०** | ९.६ | १२.५ | १२.८ |
| सेवा क्षेत्रमा प्रदेशको अंश(प्रतिशत) | ४९.८ | ५२.६ | ७७.१ | ५५.८ | **५५.०** | ५८.९ | ५२.८ | ६२.० |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१. प्रादेशिक क्षमता र सम्भावना

१. प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमार्फत युवाहरुलाई आकर्षित गर्न सकेमा मासु तथा दुग्धजन्य पदार्थ, फलफुल, तरकारी जस्ता कृषि उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सक्ने सम्भावना रहेको छ।

२. प्रदेशमा सरकारी, सामुदायिक तथा निजी वनमा उत्पादन हुने काठजन्य पदार्थको प्रयोगमा प्रोत्साहन गर्न सकेमा वनमा आधारित उद्योग स्थापना भई काठजन्य, आल्मुनियम तथा फलाम जस्ता वस्तुको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ।

३. कृषि तथा पशु बीमा कार्यक्रमको विस्तार, कृषि सडक सञ्जालको विस्तार सहित प्रदेश तथा स्थानीय सरकारले कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणका लागि आवश्यक सहजीकरण गर्न सके उत्पादित वस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको छ ।
४. यस प्रदेशमा अवस्थित ठूला नदीनालाहरूको आसपासमा जलाशय निर्माण गरी सिँचाई क्षेत्रको विस्तारका साथै जल यातायात, माछापालन, जल पर्यटन/मनोरञ्जन आदिको विकास गर्दै बहुआयामिक फाइदा लिन सकिने सम्भावना रहेको छ ।
५. यस प्रदेशमा कृषि बाली तथा पशुधन बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके व्यावसायिक कृषि तथा पशुपालन व्यवसायमा विद्यमान रहेको जोखिम न्यूनीकरण भई यस क्षेत्रमा आकर्षण बढ्न सक्ने सम्भावना रहेको छ ।

### २.३.२. प्रादेशिक चुनौती

१. भारतसँगको खुला सिमानाका कारण अवैध रुपमा हुने चोरी पैठारीका कारण स्वदेशमा उत्पादन हुने वस्तुहरुको बिक्रीमा कमी आउनुका साथै राजस्व संकलनमा समेत बाधा पुग्नाले अवैध चोरी निकासी नियन्त्रण गर्नु चुनौतीपूर्ण छ ।
२. यस प्रदेशमा निर्माण भईरहेका राष्ट्रिय गौरव, प्रदेश गौरव लगायत कतिपय ठूला परियोजनाहरू तथा सडक सञ्जाल आयोजनाहरूको कार्य गुणस्तरीयता कायम गरी समयमै कार्य सम्पन्न गर्नु चुनौतीपूर्ण छ ।
३. कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रदायक निकाय, प्रतिष्ठान तथा संघ-संस्थाहरूमा सम्बन्धित सूचना तथा तथ्याङ्कको व्यवस्थित अभिलेख नहुँदा तथ्याङ्क प्राप्तिमा कठिनाई भई यथार्थपरक, व्यावहारिक र कार्यान्वयनयोग्य नीति निर्माण गर्नु चुनौतीपूर्ण छ ।
४. यस प्रदेशमा बढ्दै गएको औद्योगिकीकरण, शहरीकरणका कारण प्रदुषण नियन्त्रण गर्न तथा उत्पादित फोहरमैला व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ ।
५. अधिकांश कामकाजी जनशक्ति बैदेशिक रोजगारीमा गएको सन्दर्भमा कृषि श्रमिकको अभाव देखिएकोले कृषि श्रमिकको उपलब्धता सुनिश्चित गर्दै उत्पादन लागत कम गर्ने कार्य चुनौतीपूर्ण छ ।
६. कृषि तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग, मौसमी प्रतिकुलता, जुनोटिक रोगहरु तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्न कृषि तथा पशु सेवा बीमा लागू गर्नु र त्यसको पहुँच (सबै) कृषक तथा पशुपालकसम्म पुग्ने व्यवस्था गर्नु चुनौतीपूर्ण छ ।

# परिच्छेद ३

# कृषि क्षेत्र


लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र माछापालन क्षेत्रको योगदान करिब ३० प्रतिशत रहेको र लगभग दुई तिहाइ जनताको जीविकोपार्जनको माध्यम कृषि रहेको छ । यस प्रदेशका तराईका जिल्लाहरु खाद्यान्न, दलहन तथा तेलहन बाली उत्पादन र पहाडी जिल्लाहरु तरकारी तथा फलफूल खेतीका लागि उपयुक्त मानिन्छन् । मौरीपालन यहाँको अर्को आर्थिक सम्भावना बोकेको क्षेत्र मानिन्छ ।[1] यस परिच्छेदमा लुम्बिनी प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र तथा कृषि, पशुपन्छी, वनजन्य उत्पादन, सिँचाई, कृषि कर्जाको जिल्लागत विवरण र अवस्था उल्लेख गर्दै कृषि क्षेत्रको चुनौती तथा सम्भावनाहरुको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### खाद्य तथा अन्य बाली

लुम्बिनी प्रदेशमा समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ०.१७ प्रतिशतले वृद्धि भई ७ लाख ६७ हजार ४ सय ५३ हेक्टर कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.८० प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल मध्ये भटमास, मकै र गहुँ बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने कोदो, फापर, जौ, उखु, आलु, तेलहन, दलहन र धानले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ (चार्ट ३.१) ।

**चार्ट ३.१ : खाद्य तथा अन्य बालीको भू-क्षेत्रको अवस्था (प्रतिशत परिवर्तन)**




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

जिल्लागत विश्लेषण गर्दा समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्न बालीले ढाकेको क्षेत्रफलमा सबैभन्दा धेरै हिस्सा कपिलवस्तु जिल्लाले १५.३१ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाले १.४९ प्रतिशत ओगटेको छ (तालिका ३.१) ।

### तरकारी बाली

समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ५.६३ प्रतिशतले ह्रास आई ३५ हजार ९ सय १८ हेक्टर कायम भएको छ । गत वर्ष सोही अवधिमा त्यस्तो क्षेत्रफल २.१३ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा तरकारी बालीले ढाकेको कुल भू-क्षेत्रफलमा सबैभन्दा धेरै हिस्सा दाङ जिल्लाको १८.४२ प्रतिशत र सबैभन्दा कम हिस्सा रुकुमपूर्व जिल्लाको १.७३ प्रतिशत रहेको छ (तालिका ३.१) ।

[1] *लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना (आर्थिक वर्ष २०७९/८०-२०८८/८९)*

#### फलफूल

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ४.६० प्रतिशतले वृद्धि भई १८ हजार ५ सय ७९ हेक्टर कायम भएको छ । समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफलमध्ये सुन्तला, स्याउ र आँपले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने अन्य फलफूलहरु र केराले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा फलफूलले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी हिस्सा नवलपरासी (ब.सु.प) जिल्लाको १८.७४ प्रतिशत र सबैभन्दा कम हिस्सा अर्घाखाँची जिल्लाको ३.०४ प्रतिशत रहेको छ (तालिका ३.१) ।

#### मसला

समीक्षा अवधिमा मसलाले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा १३.५८ प्रतिशतले ह्रास भई ९ हजार २ सय २० हेक्टर पुगेको छ । समीक्षा अवधिमा मसलाले ढाकेको क्षेत्रफलमध्ये लसुनले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने अन्य मसलाहरु बेसार, अदुवा, प्याज र अलैचीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा मसलाले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी हिस्सा पाल्पा जिल्लाको १७.५६ प्रतिशत र सबैभन्दा कम हिस्सा गुल्मी जिल्लाको ०.७२ प्रतिशत रहेको छ (तालिका ३.१) ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्रको जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
|---|---|---|---|---|
| रुकुमपूर्व | १.४९ | १.७३ | ३.२९ | ३.८३ |
| रोल्पा | ३.९२ | ५.९८ | ७.०८ | १३.११ |
| प्यूठान | ४.३७ | ३.५० | ५.९६ | ६.४८ |
| गुल्मी | ५.५८ | ३.०४ | ४.४४ | ०.७२ |
| अर्घाखाँची | ३.८५ | ४.२८ | ३.०४ | ६.८२ |
| पाल्पा | ५.३७ | ४.१६ | ८.३४ | १७.५६ |
| नवलपरासी (ब.सु.प) | ६.०२ | ५.९८ | १८.७४ | ५.४७ |
| रुपन्देही | १४.२२ | १८.३२ | ९.१३ | ८.६६ |
| कपिलवस्तु | १५.३१ | ९.१२ | ११.२८ | ८.८६ |
| दाङ | १४.०५ | १८.४२ | १०.६९ | १६.८९ |
| बाँके | ११.१३ | ८.३३ | ६.५४ | ४.०१ |
| बर्दिया | १४.६९ | १७.१३ | ११.४८ | ७.५९ |


*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### ३.२ कृषि उत्पादन

#### खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २.६३ प्रतिशतले वृद्धि भई ३० लाख ९९ हजार १३ मेट्रिक टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १०.७९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको कुल उत्पादनमध्ये गहुँ, भटमास, मकै, धान र जौ बालीको उत्पादनमा वृद्धि भएको छ भने तेलहन, फापर, आलु, कोदो, दलहन र उखु बालीको उत्पादनमा ह्रास आएको छ (चार्ट ३.२) ।

**चार्ट ३.२ : खाद्य तथा अन्य बालीको उत्पादनको अवस्था (प्रतिशत परिवर्तन)**




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

यस प्रदेशमा खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन विश्लेषण गर्दा सबैभन्दा धेरै योगदान कपिलवस्तु जिल्लाको १९.०४ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.०० प्रतिशत योगदान रहेको छ (तालिका ३.२) ।

### तरकारी बाली

समीक्षा अवधिमा तरकारी बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २.०४ प्रतिशतले ह्रास भई ४ लाख ३६ हजार १ सय ५ मेट्रिक टन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ०.७८ प्रतिशतले ह्रास भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा तरकारी बालीको उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको २४.६९ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.६९ प्रतिशत रहेको छ (तालिका ३.२) ।

### फलफूल

समीक्षा अवधिमा यस प्रदेशमा फलफूलको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३.७१ प्रतिशतले ह्रास भई १ लाख ६६ हजार ४ सय ७७ मेट्रिक टन भएको छ । गत वर्ष यस्तो उत्पादन ८.७९ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा फलफूल उत्पादनमा सबैभन्दा बढी हिस्सा नवलपरासी (ब.सु.प) जिल्लाको ३८.४१ प्रतिशत र सबैभन्दा कम रुपन्देही जिल्लाको १.०९ प्रतिशत रहेको छ (तालिका ३.२) ।

### मसला

समीक्षा अवधिमा मसलाको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३१.०९ प्रतिशतले ह्रास भई ६२ हजार ६ सय २१ मेट्रिक टन भएको छ । मसला अन्तर्गत अदुवा, प्याज, लसुन, अन्य मसलाहरु (बेसार, अदुवा र अलैंची) उत्पादनमा ह्रास आएको छ । गत वर्षको सोही अवधिमा मसला उत्पादन ३.८७ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा मसला उत्पादनमा सबैभन्दा बढी हिस्सा पाल्पा जिल्लाको ३०.५७ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.४२ प्रतिशत रहेको छ (तालिका ३.२) ।

**तालिका ३.२ : कृषि उपज उत्पादनको जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
|---|---|---|---|---|
| रुकुमपूर्व | **१.००** | १.६९ | ३.३७ | १.४२ |
| रोल्पा | २.७६ | ४.६९ | ६.६७ | १३.३६ |
| प्यूठान | ३.९२ | ३.२६ | ६.३१ | २०.३३ |
| गुल्मी | ४.५७ | २.९५ | ४.७७ | * |
| अर्घाखाँची | ३.५५ | २.०६ | ३.७७ | १०.६५ |
| पाल्पा | ४.७६ | ५.३३ | ८.९९ | **३०.५७** |
| नवलपरासी (ब.सु.प.) | १०.६५ | * | **३८.४१** | * |
| रुपन्देही | १४.७७ | **२४.६९** | १.०९ | २.५१ |
| कपिलवस्तु | **१९.०४** | ८.२९ | ४.३९ | ५.३२ |
| दाङ | ११.४४ | २१.११ | ४.३० | ८.६० |
| बाँके | ९.१३ | २२.१३ | ४.६० | * |
| बर्दिया | १४.४० | ३.७८ | १३.३२ | ७.२३ |

*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

* तथ्याङ्क उपलब्ध नभएको

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

### दुध उत्पादन

समीक्षा अवधिमा दुध उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १.७४ प्रतिशतले वृद्धि भई २ लाख ८१ हजार ३ सय हजार लिटर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १.४१ प्रतिशतले वृद्धि भएको थियो । कपिलवस्तु, बाँके, पाल्पा प्यूठान लगायतका जिल्लाहरुमा व्यावसायिक भैसी पालनमा वृद्धि तथा नश्ल सुधार र उन्नत पशु संख्यामा वृद्धिका कारण दुध उत्पादनमा वृद्धि भएको हो । जिल्लागतरुपमा विश्लेषण गर्दा यस प्रदेशको दुध उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको २१.७४ प्रतिशत र सबैभन्दा कम हिस्सा रुकुमपूर्व जिल्लाको ०.७६ प्रतिशत रहेको छ (तालिका ३.३) ।

### मासु उत्पादन

समीक्षा अवधिमा मासुको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ०.२४ प्रतिशतले वृद्धि भई ५५ हजार २ सय ५० मेट्रिक टन पुगेको छ । गत वर्षको सोही अवधिमा मासु उत्पादनमा ६.०९ प्रतिशतले कमी आएको थियो । बाँके, रुकुमपूर्व, रोल्पा, पाल्पा लगायतका जिल्लाहरुमा व्यावसायिक सुँगुर/बंगुर र भैसीपालन वृद्धि भएकाले खसी/बोका/भेडा, सुँगुर/बंगुर र राँगो/भैसीको मासु उत्पादन बढ्दा गत वर्षको सोही अवधिको तुलनामा समग्र मासु उत्पादनमा सामान्य वृद्धि देखिएको हो ।

समीक्षा अवधिमा मासु उत्पादनमध्ये खसी/बोका/भेडा, सुँगुर/बंगुर र भैसी/राँगोको मासु उत्पादन गत वर्षको सोही अवधिको तुलनामा क्रमशः ३.२४ प्रतिशत, २.१८ प्रतिशत र ०.१६ प्रतिशतले वृद्धि भएको छ भने कुखुरा/हाँस मासु उत्पादनमा ३.५७ प्रतिशतले ह्रास आएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल मासु उत्पादनमा सबैभन्दा धेरै हिस्सा बाँके जिल्लाको १८.८८ प्रतिशत र सबैभन्दा कम हिस्सा रुकुमपूर्व जिल्लाको २.३५ प्रतिशत रहेको छ (तालिका ३.३) ।

**तालिका ३.३: पशुपन्छी तथा माछा उत्पादनको जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | दुध | मासु | अण्डा | माछापालन |
|---|---|---|---|---|
| रुकुमपूर्व | ०.७६ | २.३५ | ०.८९ | ०.०० |
| रोल्पा | २.८३ | २.९९ | ०.९६ | – |
| प्यूठान | ३.१८ | ६.०० | ०.२२ | ०.०५ |
| गुल्मी | ९.३३ | ५.८० | ३.५४ | ०.०७ |
| अर्घाखाँची | ६.५१ | ३.३२ | ३.९७ | ०.०२ |
| पाल्पा | १०.०२ | ९.४९ | ७.५३ | ०.०३ |
| नवलपरासी (ब.सु.प.) | ४.६९ | ४.१० | १.३४ | ४.३४ |
| रुपन्देही | २१.७४ | १३.७१ | ८.१८ | ६०.६८ |
| कपिलवस्तु | १०.७७ | ११.२९ | ४.२० | १७.८१ |
| दाङ | ६.०४ | १४.८९ | ४२.१४ | ४.२७ |
| बाँके | १५.५७ | १८.८८ | १५.९८ | ४.०२ |
| बर्दिया | ८.५६ | ७.१७ | ११.०५ | ८.७१ |

*स्रोतः अध्ययनमा समेटिएका भेटेरिनरी अस्पतालहरु*

**अण्डा उत्पादन**

समीक्षा अवधिमा अण्डा उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १.१० प्रतिशतले ह्रास भई ९ करोड ७३ लाख गोटा भएको छ भने गत वर्षको सोही अवधिमा पनि यस्तो उत्पादनमा ४.४२ प्रतिशतले ह्रास भएको थियो । रुपन्देही, बर्दिया र रोल्पा जिल्लामा लेयर्स फर्मको संख्यामा देखिएको ह्रासका कारण अण्डाको उत्पादनमा कमी आएको हो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल अण्डा उत्पादनमा सबैभन्दा धेरै हिस्सा दाङ जिल्लाको ४२.१४ प्रतिशत र सबैभन्दा कम हिस्सा प्युठान जिल्लाको ०.२२ प्रतिशत रहेको छ (तालिका ३.३) ।

**माछा उत्पादन**


समीक्षा अवधिमा माछा उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ०.९४ प्रतिशतले वृद्धि भई १४ हजार ६२ मेट्रिक टन पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ६२.६५ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल माछा उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ६०.६८ प्रतिशत रहेको छ (तालिका ३.३) ।

## ३.४ वनजन्य उत्पादन

समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २०.३६ प्रतिशतले ह्रास भई ७ लाख १७ हजार ९ सय २७ क्यूविक फिट पुगेको छ । कपिलवस्तु, नवलपरासी, गुल्मी लगायतका जिल्लाहरुमा काठ संकलन कार्य सुस्त रहेकाले काठ उत्पादनमा ह्रास आएको छ । दाउरा उत्पादन ६०.९० प्रतिशतले वृद्धि भई २ हजार ७ सय ७० चट्टा पुगेको छ । गत वर्षको सोही अवधिमा काठको उत्पादन ८९.०८ प्रतिशत र दाउराको उत्पादन ७८.९५ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा दाङ, बाके, बर्दिया लगायतका जिल्लाहरुमा निजी आवादीमा रहेका रुखहरुको कटान गत अवधिभन्दा धेरै भएकाले दाउराको उत्पादनमा वृद्धि आएको छ ।

त्यसैगरी, समीक्षा अवधिमा औषधीजन्य वस्तु उत्पादन ३३.३२ प्रतिशत र अन्य उत्पादन १५.९४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा अन्य उत्पादन र औषधीजन्य वस्तु क्रमश ४३.२५ प्रतिशत र १६.३२ प्रतिशतले घटेको थियो । आ.व. २०८०/८१ मा कटान अनुमति प्राप्त भई आ.व. २०८१/८२ (साउन-पुस) मा कटान भएकाले औषधीजन्य वस्तु र अन्य उत्पादन जस्तैः अम्रिसो, चिउरी, खोटो, तेजपात, सिन्का लगायतका वस्तुहरुको उत्पादन बढेको हुँदा औषधीजन्य वस्तु र अन्य उत्पादनमा वृद्धि भएको छ (चार्ट ३.३) ।

**चार्ट ३.३: वनजन्य उत्पादनको अवस्था (प्रतिशत परिवर्तन)**





*स्रोत: अध्ययनमा समेटिएका वन कार्यालयहरु*

## ३.५ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा २.७७ प्रतिशतले वृद्धि भई २ लाख ४७ हजार ४ सय ६८ हेक्टर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.४७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिसम्म यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमध्ये ४४.११ प्रतिशत मात्र सिँचाई सुविधा पुगेको छ । कुल सिँचाईका स्रोतहरुमध्ये पोखरी, नहर, अन्य र कुलोबाट हुने सिँचाई क्रमशः १०.४२ प्रतिशत, ४.४६ प्रतिशत, ०.८३ प्रतिशत र ०.५४ प्रतिशतले वृद्धि भएको छ (चार्ट ३.४) ।

**चार्ट ३.४: कुल सिञ्चित क्षेत्रफलको अवस्था (प्रतिशत परिवर्तन)**




*स्रोत: अध्ययनमा समेटिएका सिँचाई कार्यालयहरु*

## ३.६ क्षेत्रगत कृषि कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाटप्राप्त तथ्याङ्क अनुसार २०८१ पुस मसान्तसम्ममा यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कुल कृषि कर्जा २०८० पुस मसान्तको तुलनामा ४.६० प्रतिशतले वृद्धि भई रु.५२ अर्ब ४० करोड ८९ लाखमा सीमित भएको छ । २०८० पुस मसान्तसम्ममा यस्तो कर्जा रु.५० अर्ब १० करोड ५६ लाख

प्रवाह भएको थियो । यस प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जामा जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ४०.८९ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा रुकुमपूर्व जिल्लाको ०.३४ प्रतिशत रहेको छ (तालिका ३.४) ।

**तालिका ३.४: कृषि कर्जाको जिल्लागत स्थिति (प्रतिशतमा)**

| जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा | जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा |
|---|---|---|---|---|---|
| रुकुमपूर्व | १७६.३९ | ०.३४ | नवलपरासी (ब.सु.प.) | ४,३९३.३६ | ८.३८ |
| रोल्पा | ३३८.०९ | ०.६५ | रुपन्देही | २१,४३१.१७ | ४०.८९ |
| प्यूठान | ७८२.७१ | १.४९ | कपिलवस्तु | ५,३८२.३९ | १०.२७ |
| गुल्मी | ६६१.३८ | १.२६ | दाङ | ७,९६७.० | १५.२० |
| अर्घाखाँची | ४३०.५७ | ०.८२ | बाँके | ६,८४२.०१ | १३.०६ |
| पाल्पा | १,१३३.३२ | २.१६ | बर्दिया | २,८७०.५६ | ५.४८ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१. चुनौती

१. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत बीउ, प्रविधि, सिँचाई, विद्युत, प्राविधिक सेवा दिगो र सर्वसुलभ रुपमा उपलब्ध गराउनु, खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु तथा जंगली जनावरहरुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु चूनौतीपूर्ण छ ।

२. कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्दै मर्यादित पेशाको रुपमा रुपान्तरण गरी युवा जनशक्तिलाई श्रम, सीप तथा पुँजीसहित यो क्षेत्रमा आकर्षित गर्नु र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु चूनौतीपूर्ण छ ।

३. सुलभ ब्याजदरमा कृषि ऋणको उपलब्धता, उत्पादन तथा प्रतिफलमा आधारित अनुदान तथा उत्पादित कृषि उपजको बजारीकरण गर्नु चूनौतीपूर्ण छ ।

४. अधिकांश कामकाजी जनशक्ति वैदेशिक रोजगारीमा गएको सन्दर्भमा कृषि श्रमिकको अभाव देखिएकोले कृषि श्रमिकको उपलब्धता सुनिश्चित गर्दै उत्पादन लागत कम गर्नु चूनौतीपूर्ण छ ।

५. कृषि तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग, मौसमी प्रतिकुलता, जुनोटिक रोगहरु तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्न कृषि तथा पशु सेवा बिमा लागु गर्नु र त्यसको पहुँच (सबै) कृषक तथा पशुपालकसम्म पुग्ने व्यवस्था गर्नु चूनौतीपूर्ण छ ।

६. लुम्बिनी प्रदेशको कुल खेती गरिएको भू-क्षेत्रमध्ये ४४.११ प्रतिशत भू-क्षेत्रमा मात्र सिँचाइ सुबिधा उपलब्ध रहेको सन्दर्भमा कृषिको उत्पादकत्व वृद्धिका लागि सिँचाईका आयोजनाहरु सम्पन्न गरी आकाशे पानीको निर्भरता अन्त्य गर्नु चूनौतीपूर्ण छ ।

७. कृषि तथा पशु उत्पादनबाट तुलनात्मक लाभ लिनका लागि आवश्यक पुर्वाधार (सिँचाई, सडक, बजार, विद्युत, कृषि, उद्योग) ले महत्वपूर्ण भूमिका खेल्ने भएकाले यी क्षेत्रहरुको समन्वयात्मक रुपमा विकास गर्नु चूनौतीपूर्ण छ ।

८. तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरूको लागि एकीकृत रुपमा सघन कृषि कार्यक्रम सञ्चालन गरी कृषिको व्यावसायीकरणमार्फत् औद्योगिकीकरणको आधार खडा गर्नु चूनौतीपूर्ण छ ।

### ३.७.२. सम्भावना

१. लुम्बिनी प्रदेशको भौगोलिक विविधता खाद्यान्न बाली, नगदे बाली, फलफुल, पशुजन्य उत्पादनका लागि उपयुक्त रहेकोले आयात प्रतिस्थापन तथा निर्यात समेतको सम्भावना रहेको छ ।
२. प्रधानमन्त्री आधुनिक कृषि परियोजना अन्तर्गत यस प्रदेशका सुपर जोन र जोनको रुपमा रहेका जिल्लाका कार्यक्रमहरूबाट अपेक्षित प्रतिफल प्राप्त हुने व्यवस्था गरी कृषकलाई यसतर्फ आकर्षित गर्न सकिने सम्भावना रहेको छ ।
३. प्रदेश सरकार तथा स्थानीय सरकारका विभिन्न परियोजनामार्फत कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायिकरण तथा बजारीकरणमार्फत तुलनात्मक लाभ एवम् प्रतिस्पर्धात्मक क्षमताका बाली वस्तुको उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
४. लुम्बिनी प्रदेशका उच्च पहाडी तथा पहाडी जिल्लाहरुमा उत्पादित जडीबुटीहरुको बजारीकरण गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयात्मक कार्यक्रम ल्याउन सकिएमा जडिबुटी प्रशोधन गरी मूल्य अभिवृद्धि सहित जडिबुटीको आयात प्रतिस्थापन तथा निर्यातको राम्रो सम्भावना रहेको छ ।
५. यस प्रदेशमा पशुपछीका लागि समेत अनुकूल वातावरण रहेकाले दुध तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सकिने सम्भावना रहेको छ ।
६. प्रदेशमा सरकारी, सामुदायिक तथा निजी वनमा उत्पादन हुने काष्ठजन्य पदार्थको प्रयोगमा प्रोत्साहन गर्न सकेमा वनमा आधारित उद्योग स्थापना भई आल्मुनियम तथा फलाम जस्ता बस्तुको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।
७. कृषि तथा पशु बीमा कार्यक्रमको विस्तार, कृषि सडक सञ्जालको विस्तार सहित प्रदेश तथा स्थानीय सरकारले कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणका लागि आवश्यक सहजीकरण गर्न सके उत्पादित बस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको छ ।
८. होटल तथा रेष्टुराँ व्यवसायीहरूलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तरआवद्धता बढ्न गई दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको छ ।

## परिच्छेद ४

## उद्योग क्षेत्र

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १४ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। गत वर्ष यस्तो योगदान १३.५ प्रतिशत रहेको थियो। समीक्षा अवधिसम्ममा लुम्बिनी प्रदेशमा दर्ता भएका ७५६ उद्योगहरुमा रु.३ खर्ब २७ अर्ब ५७ करोड लगानी भएको छ भने जिल्लागत रुपमा सबैभन्दा धेरै रुपन्देहीमा २९२ वटा र सबैभन्दा कम प्यूठान र रोल्पामा ३/३ वटा मात्र उद्योगहरु दर्ता भएका छन् (तालिका ४.१)।

लुम्बिनी प्रदेशमा सञ्चालनमा रहेका २ वटा औद्योगिक क्षेत्रहरुमध्ये रुपन्देहीको बुटवल औद्योगिक क्षेत्रमा ७० मध्ये ६५ वटा र बाँकेको नेपालगञ्ज औद्योगिक क्षेत्रमा ३७ मध्ये ३४ वटा गरी जम्मा ९९ वटा उद्योगहरु सञ्चालनमा रहेका छन्। त्यसैगरी, रुपन्देहीको भैरहवास्थित विशेष आर्थिक क्षेत्र (SEZ) मा हाल ९ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् भने ३ वटा निर्माणाधीन अवस्थामा रहेका छन्।

**तालिका ४.१: जिल्लागत उद्योगको अवस्था**

| जिल्ला | उद्योग संख्या | रोजगारी संख्या | कुल पँजी (रु.दश लाखमा) |
|---|---|---|---|
| अर्घाखाँची | ५ | ४१८ | ४,८२१.८४ |
| पाल्पा | १२ | ७७७ | ३,०५१.३३ |
| प्यूठान | ३ | २३२ | ५४०.०० |
| नवलपरासी | १८४ | १८,५५५ | १०,२१३५.०४ |
| कपिलवस्तु | ६२ | ७,५५३ | ३९,१७६.४४ |
| रोल्पा | ३ | ४,०६६ | १,०२२.७९ |
| रुकुम | ५ | ३३४ | ६,११०.४४ |
| गुल्मी | ६ | ११९ | २,०५९.८३ |
| दाङ | ४९ | ६,३४० | ३४,०८७.९८ |
| बाँके | १०७ | ९,१११ | २२,८७९.६१ |
| बर्दिया | २८ | १,७०५ | ७,९३६.२४ |
| रुपन्देही | २९२ | २६,८७० | १,०३,७४८.४६ |
| **जम्मा** | **७५६** | **७६,०८०** | **३,२७,५७०** |


*स्रोत :उद्योग विभाग (नवलपरासी अर्न्तगत नवलपरासी (ब.सु.पू.) र नवलपरासी (ब.सु.प.) जिल्लाहरु समावेश छन् भने रुकुम अन्तर्गत पश्चिम र पूर्वी रुकुम समावेश गरिएका छन्।)*

### ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

**क्षमता उपयोग**

आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा छनौटमा समेटिएका उद्योगहरुको समीक्षा अवधिमा औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा २.२७ बिन्दुले वृद्धि भई ४८.२३ प्रतिशत पुगेको छ। गत अवधिमा यस्तो क्षमता उपयोग ४५.१६ प्रतिशत रहेको थियो। अध्ययनमा समेटिएका उद्योगहरुमध्ये सबैभन्दा बढी रोजिन उत्पादन गर्ने उद्योगले ९६.७६ प्रतिशत क्षमता उपयोग गरेका छन् (चार्ट ४.१)।

**चार्ट ४.१: औद्योगिक क्षमता उपयोग (प्रतिशत)**




*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

### औद्योगिक उत्पादन

अध्ययनमा समेटिएका औद्योगिक उत्पादनहरुमध्ये समीक्षा अवधिमा चामल उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३७२.३० प्रतिशतले वृद्धि भएको छ । गतवर्षको सोही अवधिमा कच्चा पदार्थको अभावका कारण न्युन देखिएको चामल उत्पादन समीक्षा वर्षमा fortified चामल कार्यक्रम विस्तारले वृद्धि देखिएको हो । त्यसैगरी, समीक्षा अवधिमा पशुदानाको उत्पादन ४८.७६ प्रतिशतले ह्रास देखिएको छ (तालिका ४.२) ।

**तालिका ४.२: औद्योगिक उत्पादन**

| उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| पशुदाना | -४८.७६ | तोरीको तेल | -१०.२४ | ओईन्टमेण्ट | १०.१५ | चाउचाउ | २२.९५ |
| बियर | -४३.३१ | लिक्युड | -४.०१ | गहुँको पिठो | ११.६७ | स्न्याक्स | २५.२२ |
| बिजुलीका तार केबुल | -१९.२६ | ट्याबलेट | २.५ | चप्पल | १३.७६ | रोजिन | २६.७२ |
| कागज | -१६.९४ | मदिरा | ६.३६ | आल्मुनियम उत्पादन | १३.८ | प्लाईउड | १३३.७४ |
| फलामको छड,पत्ति | -१४.९७ | प्लाष्टिक सामान | ८.५१ | सिन्थेटिक कपडा | २०.०२ | चामल | ३७२.३ |
| ड्राई सिरप | -१३.१५ | सिमेण्ट | ९.६३ | क्यापसुल | २०.४६ | | |

*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

### रोजगारी

अध्ययनमा समेटिएका ३२ वटा उद्योगहरु मध्ये २९ वटा उद्योगबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा महिला १२५८ र पुरुष ४४६६ गरी जम्मा ५७२४ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तमा २०८० पुस मसान्तको तुलनामा ९.३४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३७ अर्ब ३५ करोड १७ लाख कायम भएको छ । २०८० पुस मसान्तमा यस्तो कर्जा ०.३३ प्रतिशतले ह्रास भएको थियो । २०८१ पुस मसान्तमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा २३.९२ प्रतिशत रहेको छ । प्रवाहित कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगहरुमा ४१.६९ प्रतिशत रहेको छ भने सबैभन्दा कम खानी सम्बन्धी उद्योगमा ०.६५ प्रतिशत रहेको छ (तालिका ४.३) ।

**तालिका ४.३: क्षेत्रगत औद्योगिक कर्जा (रु.दश लाखमा)**

| | २०८० पुस मसान्त | २०८१ पुस मसान्त | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| खानी सम्बन्धी | ११६१.७० | ८८७.८२ | -६४.८५ | -२३.५८ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ४९४०२.२४ | ५६३१५.४४ | १५.०१ | १३.९९ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ५३४७६.२५ | ५७२६१.७१ | -०.७९ | ७.०८ |
| निर्माण | १२५४८.०९ | १२०६७.३३ | -६.१७ | -३.८३ |
| विद्युत, ग्यास तथा पानी | १३१९.२२ | १३०६.५० | -५८.९५ | -०.९६ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ७७१४.९० | ९५१२.९५ | -१६.९४ | २३.३१ |
| जम्मा | १२५६२२.४१ | १३७३५१.७५ | -०.३३ | ९.३४ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### जिल्लागत औद्योगिक कर्जा

यस प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जाको जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ६२.५२ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.०३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा गुल्मी तथा प्यूठान जिल्लामा प्रवाह भएको औद्योगिक कर्जामा क्रमशः १९.४६ प्रतिशत र १२.५३ प्रतिशतले कमी आएको छ भने प्रदेशका अन्य जिल्लामा प्रवाह भएको औद्योगिक कर्जामा वृद्धि भएको छ (तालिका ४.४) ।

**तालिका ४.४: जिल्लागत औद्योगिक कर्जा तथा अवस्था**

| जिल्ला | २०८० पुष मसान्त | | २०८१ पुष मसान्त | | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|
| | औद्योगिक कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशत) | औद्योगिक कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| रुकुमपुर्व | २६.५५ | ०.०२ | ४५.८७ | ०.०३ | ७२.७९ |
| अर्घाखाँची | २८३.९३ | ०.२३ | ४२२.१४ | ०.३१ | ४८.६८ |
| रोल्पा | ३०५.५९ | ०.२४ | ३२०.२४ | ०.२३ | ४.७९ |
| प्यूठान | ४००.६६ | ०.३२ | ३५०.४७ | ०.२६ | -१२.५३ |
| गुल्मी | ६९३.४१ | ०.५५ | ५५८.४८ | ०.४१ | -१९.४६ |
| पाल्पा | ७६३.०९ | ०.६१ | ८१९.९९ | ०.६० | ७.४६ |
| बर्दिया | १८६६.४५ | १.४९ | १९५२.२१ | १.४२ | ४.५९ |
| कपिलबस्तु | ६२३६.५५ | ४.९६ | ६५५१.५९ | ४.७७ | ५.०५ |
| दाङ | ६४१२.७१ | ५.१० | ७७६६.३६ | ५.६५ | २१.११ |
| नवलपरासी प. | ६५५४.९५ | ५.२२ | ६९०६.७१ | ५.०३ | ५.३७ |
| बाँके | २१४६३.६५ | १७.०९ | २५७८७.६३ | १८.७७ | २०.१५ |
| रुपन्देही | ८०६१४.८६ | ६४.१७ | ८५८७०.०६ | ६२.५२ | ६.५२ |
| **जम्मा** | **१२५६२२.४१** | **१००** | **१३७३५१.७५** | **१००** | **९.३४** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१. चुनौती

१. उद्योग स्थापना तथा सञ्चालन गर्न प्रदेशका सम्भावित स्थानहरुमा जग्गाको सहज प्राप्ति गर्न र गुणस्तरीय औद्योगिक पूर्वाधारको लागि सरकारी तथा निजी क्षेत्रको लगानी विस्तार गर्न चुनौतीपूर्ण छ ।
२. स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको स्थापना तथा सञ्चालनका लागि कच्चा पदार्थ उत्पादन बढाउँदै कच्चा पदार्थको मुल्यमा स्थिरता तथा सहज र भरपर्दो आपूर्ति व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ ।
३. औद्योगिक उत्पादनको प्रतिस्पर्धी क्षमता अभिवृद्धि तथा स्थापित उद्योगहरुको निर्वाध सञ्चालनका लागि खुला सीमाना व्यवस्थित गरी अनौपचारिक व्यापारलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण छ ।
४. यस प्रदेशमा खनिज स्रोतको पहिचान गरी व्यवस्थित ढंगबाट अन्वेषण, उत्खनन गर्ने र उपलब्ध खनिज पदार्थको उत्पादनका लागि नीतिगत, कानुनी तथा संरचनागत सुधार गर्नु तथा आवश्यक लगानी जुटाउने वातावरण सिर्जना गर्नु चुनौतीपूर्ण छ ।
५. औद्योगिक क्षेत्रमा आवश्यक हुने दक्ष जनशक्ति उत्पादन गरी त्यस्तो जनशक्तिलाई देशभित्रका उद्योगहरुमा सम्मानपूर्ण किसिमले रोजगारी प्रदान गर्ने वातावरण सृजना गर्नु चुनौतीपूर्ण छ ।
६. यस प्रदेशमा सञ्चालनमा रहेका औद्योगिक क्षेत्रहरु तथा भैरहवा स्थित विशेष आर्थिक क्षेत्र (SEZ) लाई पूर्ण क्षमतामा सञ्चालन गरी आयात प्रतिस्थापन तथा निर्यातमा वृद्धि गर्नु चुनौतीपूर्ण छ ।
७. वातावरणीय प्रभावको विश्लेषण गरेर मात्र उद्योग स्थापना तथा सञ्चालन गर्ने र उद्योगहरुबाट हुने प्रदुषणको उचित व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ ।

### ४.३.२. सम्भावना

१. लुम्बिनी प्रदेशमा पूर्व-पश्चिम राजमार्ग, हुलाकी राजमार्ग र ती मार्गहरुबाट उत्तर दक्षिण जोडने फराकिला सडकलगायत संघीय राजधानी काठमाडौ तथा पहाडी जिल्लाहरू जोड्ने सडक सञ्जाल रहेकोले यहाँ दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरूको प्रचुर सम्भावना देखिन्छ ।
२. लुम्बिनी प्रदेशमा धान, गहुँ, मकै जस्ता अन्न बाली तथा कफी, तोरी, अदुवा जस्ता नगदे बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा खाद्य प्रशोधन उद्योगहरूको राम्रो सम्भावना रहेको छ ।
३. स्वदेशी तथा भारतीय बजारमा समेत अत्यधिक माग हुने रोजिनको मुख्य कच्चा पदार्थ खोटा लुम्बिनी प्रदेशको स्थानीय तथा सामुदायिक वन क्षेत्रमा सल्लाका रुखहरुबाट प्रशस्त प्राप्त हुने भएकाले रोजिन उद्योगहरुको उच्च सम्भावना रहेको छ ।
४. भारतसँगको खुला सिमाना, यातायात तथा ढुवानीमा सहजता र ठुलो बजार भएका कारण यस प्रदेशमा उत्पादित बस्तुहरुलाई लेबलिङ तथा ब्राण्डिङ गरी निर्यात गर्न सकिने संभावना रहेको छ ।
५. यस प्रदेशका पहाडी र हिमाली जिल्लाहरुमा उत्पादन हुने जडिबुटीहरु प्रशोधन गर्ने उद्योगहरु सञ्चालन गरी रोजगारी बृद्धि तथा विदेशतर्फ निर्यात गर्न सकिने सम्भावना रहेको छ ।
६. यस प्रदेशमा पाइने चुनढुङ्गाको गुणस्तर राम्रो भएकाले सिमेन्ट तथा क्लिंकर उत्पादन गरी सिमावर्ती भारतीय बजारमा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।
७. यस प्रदेशमा रहेका औद्योगिक क्षेत्रहरु तथा औद्योगिक क्षेत्र बाहिर रहेका उद्योगहरुबाट निस्कने Industrial Scrap व्यवस्थापन गर्नका लागि Recycle Industries स्थापना गरी सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।
८. भैरहवा स्थित विशेष आर्थिक क्षेत्र (SEZ) मा उर्जा आपुर्तिका लागि आवश्यक प्रबन्ध भईरहेको तथा उक्त क्षेत्रमा उद्योग स्थापनाका लागि थप सहुलियत र नीतिगत व्यवस्थामा आवश्यक सुधार गर्न सकिएमा थप उद्योगहरु स्थापना हुन गई निकासी तथा रोजगारीमा वृद्धि हुने सम्भावना रहेको छ ।

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका पर्यटक स्तरीय होटलहरुको होटल शैया सङ्ख्या, कोठा/शैया बिक्री सङ्ख्या, प्रत्यक्ष रोजगारी सङ्ख्या र पर्यटक आगमन सङ्ख्या लगायतका पर्यटकीय सूचकहरुको अवस्था विश्लेषण गर्न पाल्पा, अर्घाखाँची, कपिलबस्तु नवलपरासीबाट १/१ तथा बाँके र रुपन्देही जिल्लाबाट क्रमशः ३ र १० गरी जम्मा १७ वटा पर्यटक स्तरीय होटलहरु छनौट गरिएको छ ।

**तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर**

| विवरण | २०७९/८० (साउन- पुस) | २०८०/८१ (साउन- पुस) | २०८१/८२ (साउन- पुस) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत अवधि | समीक्षा अवधि |
| होटल शैयाको सङ्ख्या | १३१९ | १३७३ | १४७३ | ४.०९ | ७.२८ |
| कोठा/शैया बिक्री सङ्ख्या | ६४०६६ | ६६३२३ | ८४६२५ | ३.५२ | २७.५९ |
| प्रत्यक्ष रोजगारी सङ्ख्या | ९८८ | १०५४ | ११३६ | ६.६८ | ७.७८ |
| पुरुष | ७०३ | ७४५ | ७८८ | ५.९७ | ५.७७ |
| महिला | २८५ | ३०९ | ३४८ | ८.४२ | १२.६२ |
| पर्यटक आगमन सङ्ख्या | ४२९७१ | ६२७९२ | ७६१४४ | ४६.१३ | २१.२६ |
| भारत | ३१४४२ | ४२८८४ | ५२७०० | ३६.३९ | २२.८९ |
| चीन | १४४५ | ४३९६ | ४८९८ | २०४.२२ | ११.४२ |
| तेस्रो मुलुक | १००८४ | १५५१२ | १८५४६ | ५३.८३ | १९.५६ |
| अकुपेन्सी दर# | २६.६९ | २६.५४ | ३१.५७ | -०.५५ | १८.९३ |

*स्रोतः नमूना छनौटमा परेका होटल*

### होटल शैया सङ्ख्या

छनौटमा परेका होटलहरुबाट प्राप्त तथ्याङ्क अनुसार २०८१ पुस मसान्तमा होटल शैयाको सङ्ख्या २०८० पुस मसान्तको तुलनामा ७.२८ प्रतिशतले वृद्धि भई १ हजार ४ सय ७३ पुगेको छ । त्यसैगरी समीक्षा अवधिमा कोठा/शैया बिक्री सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा २७.५९ प्रतिशतले वृद्धि भई ८४ हजार ६ सय २५ रहेको छ (तालिका ५.१ ) ।

### पर्यटन आगमन सङ्ख्या

भारतीय पर्यटकसँगै चीन तथा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको सङ्ख्यामा समेत वृद्धि हुँदा समीक्षा अवधिमा होटलहरुमा पर्यटक आगमन सङ्ख्या २१.२६ प्रतिशतले वृद्धि भई ७६ हजार १ सय ४४ पुगेको देखिन्छ । यस्तो पर्यटक संख्या २०८० पुष मसान्तमा ६२ हजार ७ सय ९२ थियो (तालिका ५.१) ।

### अकुपेन्सी दर तथा रोजगारी

लुम्बिनी प्रदेशस्थित छनौटमा परेका होटलहरुको अकुपेन्सी दर तथा रोजगारीको अवस्था विश्लेषण गर्दा पर्यटकहरुको छोटो अवधिको बसाई र होटलहरुको शैया सङ्ख्यामा वृद्धिका कारण पर्यटक आगमनमा उल्लेख्य वृद्धि हुँदा समीक्षा अवधिमा अकुपेन्सी दर गत वर्षको सोही अवधिको तुलनामा १८.९३ प्रतिशतले वृद्धि भई ३१.५७ प्रतिशत पुगेको छ । साथै, होटलले दिने रोजगारीमा ७.७८ प्रतिशतले वृद्धि भई जम्मा ११३६ (पुरुष ७८८ र महिला ३४८) जनाले प्रत्यक्ष रोजगारी पाएका छन् (तालिका ५.१) ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ३.८२ प्रतिशतले वृद्धि भई ४७ हजार ६ सय ८५ कायम भएको छ । गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या १२.०३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व गत वर्षको सोही अवधिको तुलनामा २३.८१ प्रतिशतले वृद्धि भई रु.१ अर्ब २९ करोड ६० लाख ५० हजार कायम भएको छ । गत वर्षको सोही अवधिमा राजस्व ४.५८ प्रतिशतले ह्रास भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा घर/भवन स्थायी नक्सा पास सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १९.५५ प्रतिशतले ह्रास भई २ हजार ३ सय ४९ पुगेको छ । गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या १०.६५ प्रतिशतले वृद्धि भएको थियो (तालिका ५.२) ।

**तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ४०९९९ | ४५९३२ | ४७६८५ | १२.०३ | ३.८२ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | २६३९ | २९२० | २३४९ | १०.६५ | -१९.५५ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | १०९७.०७ | १०४६.८१ | १२९६.०५ | - ४.५८ | २३.८१ |

*स्रोत: जिल्लामा रहेका मालपोत कार्यालयहरु तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

### शाखा संख्या, मोबाईल बैंकिङ्ग, ईन्टरनेट बैंकिङ तथा शाखा रहित बैंकिङ सेवा

२०८१ पुस मसान्तसम्ममा लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुमा रहेका बैंक तथा वित्तीय संस्थाहरुमध्ये "क" वर्गका ७४५, "ख" वर्गका २५६, "ग" वर्गका ४७ र "घ" वर्गका १११९ गरी जम्मा २१६७ वटा शाखा सञ्चालनमा रहेका छन् । जसमध्ये सबैभन्दा बढी रुपन्देही जिल्लामा ५३७ वटा र सबैभन्दा कम रुकुमपूर्व जिल्लामा १८ वटा शाखाहरु सञ्चालनमा रहेका छन् ।

२०८१ पुस मसान्तसम्ममा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुमा ४० लाख ६२ हजार ४३८ मोबाईल बैंकिङ सेवा र ३ लाख ३३ हजार ८ सय ११ ईन्टरनेट बैंकिङ सेवा दर्ता रहेको छ भने वाणिज्य बैंकहरुले १९९ वटा शाखा रहित बैंकिङ सेवा उपलब्ध गराएका छन् । २०८१ पुस मसान्तसम्ममा कुल दर्ता भएका मोबाईल बैंकिङ सेवामध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ३२.६९ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लामा ०.४३ प्रतिशत रहेको छ । यसैगरी २०८१ पुस मसान्तसम्ममा कुल दर्ता भएका ईन्टरनेट बैंकिङ सेवामध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ४६.२३ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लामा ०.१४ प्रतिशत रहेको छ । त्यसैगरी, २०८१ पुस मसान्तमा वाणिज्य बैंकहरुको कुल शाखारहित सेवा सङ्ख्या सबैभन्दा धेरै गुल्मी जिल्लामा २३.१२ प्रतिशत रहेको छ (तालिका ५.३) ।

**तालिका ५.३: शाखा संख्या, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, शाखारहित बैंकिङ जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | शाखा संख्या | हिस्सा | मोबाइल बैंकिङ | हिस्सा | इन्टरनेट बैंकिङ | हिस्सा | शाखारहित बैंकिङ | हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| रुकुम(पूर्व) | १८ | ०.८३ | १७६३० | ०.४३ | ४७६ | ०.१४ | ५ | २.५१ |
| रोल्पा | ६१ | २.८१ | ८१२४२ | २.०० | ८०९० | २.४२ | १३ | ६.५३ |
| प्यूठान | ७९ | ३.६५ | १११०७८ | २.७३ | ६५७२ | १.९७ | ० | ०.०० |
| गुल्मी | ११५ | ५.३१ | १९२०४५ | ४.७३ | ९६८३ | २.९० | ४६ | २३.१२ |
| अर्घाखाँची | ६६ | ३.०५ | १२७५८७ | ३.१४ | ८७२० | २.६१ | १६ | ८.०४ |
| पाल्पा | १२४ | ५.७२ | २०८७९९ | ५.१४ | २२१२५ | ६.६३ | २० | १०.०५ |
| नवलपरासी (ब.सु.प.) | १८२ | ८.४० | ३०६०७१ | ७.५३ | २६३९९ | ७.९१ | ९ | ४.५२ |
| रुपन्देही | ५३७ | २४.७८ | १३२७९३२ | ३२.६९ | १५४३२४ | ४६.२३ | २३ | ११.५६ |
| कपिलवस्तु | २२४ | १०.३४ | ३३९३५० | ८.३५ | २६६४७ | ७.९८ | १३ | ६.५३ |
| दाङ | २९५ | १३.६१ | ५९१०५३ | १४.५५ | ३१००५ | ९.२९ | २३ | ११.५६ |
| बाँके | २४७ | ११.४० | ५१९११८ | १२.७८ | ३३४६१ | १०.०२ | २३ | ११.५६ |
| बर्दिया | २१९ | १०.११ | २४०५३३ | ५.९२ | ६३०९ | १.८९ | ८ | ४.०२ |
| **जम्मा** | **२१६७** | **१००** | **४०६२४३८** | **१००** | **३३३८११** | **१००** | **१९९** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक,*

### कुल निक्षेप

२०८१ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप रु.५ खर्ब ८७ अर्ब ६२ करोड ७८ लाख पुगेको छ । जिल्लागत रुपमा सबैभन्दा बढी हिस्सा रुपन्देही जिल्लामा ४३.११ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्व जिल्लामा ०.३१ प्रतिशत रहेको छ (तालिका ५.४) ।

**तालिका ५.४: जिल्लागत निक्षेप र कर्जाको अवस्था** (रु.दश लाखमा)

| जिल्ला | कुल निक्षेप | कुल निक्षेपको अंश (प्रतिशतमा) | कुल कर्जा | कुल कर्जाको अंश (प्रतिशतमा) |
|---|---|---|---|---|
| रुकुमपूर्व | १८००.४३ | ०.३१ | ११९९.८६ | ०.२१ |
| रोल्पा | ७९१४.६६ | १.३५ | ३४०२.४० | ०.५९ |
| प्यूठान | १२८७४.२९ | २.१९ | ६५३७.८३ | १.१४ |
| गुल्मी | ३४२८०.१८ | ५.८३ | ६८५७.३६ | १.१९ |
| अर्घाखाँची | २१६५३.७१ | ३.६८ | ३५०४.८७ | ०.६१ |
| पाल्पा | ३५९७५.६९ | ६.१२ | १०९७३.७९ | १.९१ |
| नवलपरासी (ब.सु.प.) | ३१७०५.३५ | ५.४० | ३७०००.५६ | ६.४४ |
| रुपन्देही | २५३३४७.८९ | ४३.११ | २८७६८९.१२ | ५०.११ |
| कपिलवस्तु | ३९२२७.९९ | ६.६८ | ३११९३.०३ | ५.४३ |
| दाङ | ६५७१३.९३ | ११.१८ | ७१०८७.६२ | १२.३८ |
| बाँके | ६४६३५.१६ | ११.०० | ९६५३३.८८ | १६.८१ |
| बर्दिया | १८४९८.५२ | ३.१५ | १८१४३.१२ | ३.१६ |
| **लुम्बिनी प्रदेश** | **५,८७,६२७.८०** | **१००** | **५,७४,१२३.४४** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### चल्ती निक्षेप

२०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको चल्ती निक्षेप रु.३० अर्ब ३९ करोड १२ लाख पुगेको छ । २०८१ पुस मसान्तमा यस प्रदेशको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ५.१७ प्रतिशत रहेको छ (तालिका ५.५) ।

### बचत निक्षेप

२०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको बचत निक्षेप रु.२ खर्ब ७९ अर्ब ९४ करोड १५ लाख पुगेको छ। २०८१ पुस मसान्तमा यस प्रदेशको कुल निक्षेपमा बचत निक्षेपको अंश ४७.६४ प्रतिशत रहेको छ (तालिका ५.५)।

### मुद्दती निक्षेप

२०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको मुद्दती निक्षेप रु.२ खर्ब ४५ अर्ब १४ करोड ९५ लाख पुगेको छ। २०८१ पुस मसान्तमा यस प्रदेशको कुल निक्षेपमा मुद्दती निक्षेपको अंश ४१.७२ प्रतिशत रहेको छ (तालिका ५.५)।

### अन्य निक्षेप

२०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको अन्य निक्षेप रु.३२ अर्ब १४ करोड ५४ लाख पुगेको छ। २०८१ पुस मसान्तमा यस प्रदेशको कुल निक्षेपमा अन्य निक्षेपको अंश ५.४७ प्रतिशत रहेको छ (तालिका ५.५)।

**तालिका ५.५: निक्षेपको हिस्सा (प्रतिशतमा)**

| जिल्ला | २०८० पुस मसान्तसम्म | २०८१ पुस मसान्तसम्म | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन | हिस्सा |
|---|---|---|---|---|---|
| चल्ती | ३२,५०७.९२ | ३०,३९१.२५ | ८.०३ | -६.५१ | ५.१७ |
| बचत | २,०८,९८६.९९ | २,७९,९४१.५९ | २५.५३ | ३३.९५ | ४७.६४ |
| मुद्दती | २,६२,६०८.८ | २,४५,१४९.५४ | २३.०३ | -६.६५ | ४१.७२ |
| अन्य | २५,२७७.५१ | ३२,१४५.४१ | १२.६ | २७.१७ | ५.४७ |
| कुल निक्षेप | ५,२९,३८१.२२ | ५,८७,६२७.७९ | २२.४१ | ११.०० | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### कुल कर्जा

२०८१ पुस मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०८० पुस मसान्तको तुलनामा ११.०७ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ७४ अर्ब १२ करोड ३४ लाख पुगेको छ। २०८० पुस मसान्तमा कुल कर्जा अघिल्लो वर्षको तुलनामा ६.०३ प्रतिशतले ह्रास भएको थियो। त्यसैगरी, २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको यस प्रदेशको कर्जा/निक्षेप अनुपात ९७.७० प्रतिशत रहेको छ।

जिल्लाहरुको कुल कर्जाको अवस्था तुलना गर्दा समीक्षा अवधिसम्ममा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५०.११ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.२१ प्रतिशत रहेको छ। त्यसैगरी, समीक्षा अवधिसम्ममा कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै नवलपरासी जिल्लामा ११६.७० प्रतिशत रहेको छ भने सबैभन्दा कम अर्घाखाँची जिल्लामा १६.१९ प्रतिशत रहेको छ। २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुका यस प्रदेशमा ऋणीहरुको सङ्ख्या २०८० पुस मसान्तको तुलनामा १९.१४ प्रतिशतले वृद्धि भई २ लाख ९२ हजार ३ सय ७८ पुगेको छ।

**तालिका ५.६ : विपन्न वर्ग कर्जा र सहुलियतपूर्ण कर्जाको जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | विपन्न वर्ग कर्जा रु.दश लाखमा | जिल्लागत हिस्सा प्रतिशतमा | सहुलियतपूर्ण कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा |
|---|---|---|---|---|
| रुकुमपूर्व | १३९.०९ | ०.४५ | ७.३७ | १.१६ |
| रोल्पा | ४१५.४३ | १.३५ | ६५.०१ | १०.२८ |
| प्यूठान | ७७३.५ | २.५१ | २४७.४३ | ३९.११ |
| गुल्मी | ८२३.५६ | २.६७ | ३१२.८२ | ४९.४५ |
| अर्घाखाँची | ३५८.८५ | १.१६ | ० | - |
| पाल्पा | ९६७.८० | ३.१४ | ० | - |
| नवलपरासी (ब.सु.प.) | २,६४०.४७ | ८.५६ | ० | - |
| रुपन्देही | १६,५६८.४० | ५३.७२ | - | - |
| कपिलवस्तु | ४१५.४३ | १.३५ | - | - |
| दाङ | ३,६५०.३९ | ११.८४ | - | - |
| बाँके | २,६२२.४२ | ८.५० | - | - |
| बर्दिया | १,४६८.४५ | ४.७६ | - | - |
| जम्मा | ३०,८४३.८१ | १००.०० | ६३२.६३ | १०० |
| **कुल कर्जामा हिस्सा** | | **५.३७** | | **०.११** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### विपन्न वर्ग कर्जा

२०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको विपन्न वर्ग कर्जा रु.३० अर्ब ८४ करोड ३८ लाख पुगेको छ । २०८१ पुस मसान्तमा यस प्रदेशको कुल कर्जामा विपन्न वर्ग कर्जाको हिस्सा ५.३७ प्रतिशत रहेको छ (तालिका ५.६) ।

### सहुलियतपूर्ण कर्जा

२०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको सहुलियतपूर्ण कर्जा रु.६३ करोड २६ लाख पुगेको छ । २०८१ पुस मसान्तमा यस प्रदेशको कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा ०.११ प्रतिशत रहेको छ (तालिका ५.६) ।

## ५.४ सेवा क्षेत्र कर्जा

२०८१ पुस मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जा रु.२ खर्ब ६ अर्ब ४२ करोड ८३ लाख भएको छ । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा सेवा क्षेत्र कर्जाको हिस्सा ३५.९६ प्रतिशत रहेको छ ।

**तालिका ५.७: कुल सेवा कर्जाको जिल्लागत अवस्था (प्रतिशतमा)**

| जिल्ला | रकम (रु.दश लाखमा) | हिस्सा | जिल्ला | रकम (रु.दश लाखमा) | हिस्सा | जिल्ला | रकम (रु.दश लाखमा) | हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| रुकुमपूर्व | १८६.२८ | ०.०९ | अर्घाखाँची | १,०९२.०४ | ०.५३ | कपिलवस्तु | ९,२४८.३३ | ४.४८ |
| रोल्पा | १,१०५.२७ | ०.५४ | पाल्पा | ३,६७१.४३ | १.७८ | दाङ | २१,९५२.९२ | १०.६३ |
| प्यूठान | २,१०२.८९ | १.०२ | नवलपरासी (ब.सु.प.) | १३,३८०.५३ | ६.४८ | बाँके | ३५,८५६.०१ | १७.३७ |
| गुल्मी | २,५४६.४४ | १.२३ | रुपन्देही | १,०८,५३८.५४ | ५२.५८ | बर्दिया | ६,७४७.६५ | ३.२७ |
| **लुम्बिनी प्रदेश** | | | | | | | २,०६,४२८.३२ | १०० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल सेवा क्षेत्र कर्जामा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५२.५८ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.०९ प्रतिशत रहेको छ (तालिका ५.७) ।

## ५.५ सहकारी

यस अध्ययनमा समावेश १३ वचत तथा ऋण सहकारी संस्थाको कुल पुँजी २०८१ पुस मसान्तमा गत वर्षको सोही अवधिको तुलनामा १०.४८ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ९८ करोड ९७ लाख पुगेको छ भने कुल बचत ७.६४ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब १९ करोड ६१ लाख कायम भएको छ । त्यसैगरी, अध्ययनमा समेटिएका सहकारी संस्थाहरुबाट प्रवाहित कुल कर्जा २०८० पुस मसान्तको तुलनामा ३.१८ प्रतिशतले वृद्धि भई रु.१२ अर्ब ३५ करोड पुगेको छ । उपरोक्त सहकारीहरुबाट प्राप्त तथ्याङ्क अनुसार २०८० पुस मसान्तको तुलनामा सदस्य सङ्ख्या २.९१ प्रतिशतले ह्रास भई १ लाख ११ हजार ६ सय ३२ जना पुगेका छन् भने कर्मचारी संख्या ७.५८ प्रतिशतले घटेर ३ सय ५ जना रहेको छ (तालिका ५.८) ।

**तालिका ५.८: सहकारी सेवा**

| विवरण | २०७९ पुस मसान्तसम्म | २०८० पुस मसान्तसम्म | २०८१ पुस मसान्तसम्म | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत अवधि | समीक्षा अवधि |
| कुल पुँजी (रु.दश लाखमा) | ७२३५.७५ | ८१३६.९९ | ८९८९.७१ | १२.४६ | १०.४८ |
| कुल बचत (रु.दश लाखमा) | ११३९१.०६ | १२२५९.६५ | १३१९६.१६ | ७.६३ | ७.६४ |
| कुल ऋण (रु.दश लाखमा) | १२०४२.१७ | ११९६९.२५ | १२३५०.१० | - ०.६१ | ३.१८ |
| सदस्य सङ्ख्या | १०४८११ | ११४९७७ | १११६३२ | ९.७० | - २.९१ |
| कर्मचारी सङ्ख्या | ३५१ | ३३० | ३०५ | - ५.९८ | - ७.५८ |

*स्रोत: नमूना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरु*

## ५.६ परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुले गरेको परिवर्त्य विदेशी मुद्रा खरिद समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा १५५.९० प्रतिशतले वृद्धि भई कुल रु.२ अर्ब ३ करोड २९ लाख भएको छ । यसैगरी आ.व. २०८०/८१ बाट कार्यान्वयनमा ल्याईएको परिवर्त्य विदेशी मुद्राको बिक्री अन्तर्गत समिक्षा अवधिमा अमेरिकी डलर, यूरो र अन्य विदेशी मुद्रा क्रमशः ५१.२३ करोड, ५.७९ करोड र १९.२० करोड बिक्री भएको छ (तालिका ५.९) ।

**तालिका ५.९ : परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री विवरण**

*(रु.करोडमा)*

| विवरण | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| US Dollar खरिद | १५.८१ | ४५.१४ | ९६.६८ | १८५.५२ | ११४.१८ |
| Euro खरिद | ३.६३ | १०.५४ | १२.६३ | १९०.३६ | १९.८३ |
| अन्य खरिद | ६९.९१ | २३.७६ | ९३.९८ | - ६६.०१ | २९५.५४ |
| **जम्मा खरिद** | **८९.३५** | **७९.४४** | **२०३.२९** | **- ११.०९** | **१५५.९०** |
| US Dollar बिक्री | - | ३५.३६ | ५१.२३ | - | ४४.८८ |
| Euro बिक्री | - | ८.१८ | ५.७९ | - | -२९.२२ |
| अन्य बिक्री | - | १५.५२ | १९.२० | - | २३.७१ |
| **जम्मा बिक्री#** | - | **५९.०६** | **७६.२२** | - | **२९.०६** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

# आ.व. २०८०/८१ बाट बिक्री सुरु गरिएको

## ५.७ भारतीय मुद्रा खरिद/बिक्री

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट समीक्षा अवधिमा भारतीय मुद्रा खरिद गत वर्षको सोही अवधिको तुलनामा ६५.२८ प्रतिशतले ह्रास भई कुल रु.१ करोड ४२ लाख बराबर खरिद भएको छ भने रु.२५ करोड ६४ लाख भारतीय मुद्रा बिक्री भएको छ ।

**तालिका ५.१०: भारतीय मुद्रा खरिद/बिक्री विवरण**

(रु. करोडमा)

| विवरण | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| भा.रु. खरिद | ०.४९ | ४.०९ | १.४२ | ७३४.६९ | -६५.२८ |
| भा.रु बिक्री | ०.८७ | १.५३ | २५.६४ | ७५.८६ | १५७५.८२ |
| तोडाचलान | - | - | १६.०० | - | - |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

## ५.८ मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

### इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

२०८१ पुस मसान्तसम्ममा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट इजाजतपत्र प्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको सङ्ख्या ७२ रहेको छ । विदेशी मुद्रा सटहीका लागि इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुमध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ४६ वटा र सबैभन्दा कम पाल्पा जिल्लामा १ वटा मात्र रहेका छन् (तालिका ५.११) ।

**तालिका ५.११: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण**

| जिल्ला | मनिचेञ्जर | होटेल/रिसोर्ट | ट्राभल एजेन्सी | ट्रेकिङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| नवलपरासी (ब.सु.प.) | ३ | - | - | - | - | **३** |
| रुपन्देही | ३५ | ६ | ४ | - | १ | **४६** |
| कपिलवस्तु | ८ | - | - | - | - | **८** |
| पाल्पा | - | १ | - | - | - | **१** |
| बाँके | ९ | ३ | - | १ | १ | **१४** |
| **जम्मा** | **५५** | **१०** | **४** | **१** | **२** | **७२** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

## ५.९ सेवा क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१. चुनौती

१. यस प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार निर्माण गर्ने तथा पर्यटन विकासको लागि पर्याप्त सुविधा, सूचना र सुरक्षित वातावरण निर्माण गरी गुणस्तरीय सेवा सुविधा उपलब्ध गराई पर्यटकको बसाई अवधि लम्ब्याउने कार्य चुनौतीपूर्ण छ ।

२. पुर्व-पश्चिम राजमार्ग अन्तर्गत बुटवल-नारायणगढ सडकखण्डको स्तरोन्नतिमा भएको ढिलाइका कारण आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन तथा ढुवानीमा भएको असहजतालाई समयमै स्तरोन्नति कार्य सम्पन्न गरी सहज बनाउने कार्य चुनौतीपूर्ण छ ।

३. यस क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थल, क्रिकेट स्टेडियम तथा सम्मेलन केन्द्रहरुको पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य चुनौतीपूर्ण छ ।

४. वित्तीय चेतना तथा पँहुच अभिवृद्धि गरी वित्तीय अपराध तथा अनौपचारिक कारोबार न्यूनीकरण गर्नु चुनौतीपूर्ण छ ।

५. बचत तथा ऋण सहकारी संस्थाहरुमा देखिएको समस्यालाई समयमै समाधान गरी सहकारी क्षेत्र प्रति जनताको विश्वसनीयता कायम गराउने कार्य चुनौतीपूर्ण छ ।

### ६.२.२. सम्भावना

१. यस प्रदेशमा रहेको लुम्बिनी क्षेत्रमा बाह्य मुलुकबाट भ्रमण गर्न आएका पर्यटकलाई अन्य पर्यटकीय क्षेत्र रामग्राम, तिलौराकोट, कुदान लगायतका अन्य पर्यटकीय क्षेत्रमा समेत भ्रमणका लागि आवश्यक वातावरण तथा पूर्वाधार तयार गरी पर्यटकको बसाइ अवधि लम्ब्याउन सकिने सम्भावना रहेको छ ।

२. यस प्रदेश अन्तर्गत रहेका धार्मिक/सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको व्यापक प्रचारप्रसार, नयाँ ट्रेकिङ रुटको पहिचान गरी व्यवस्थित रुपमा सञ्चालन गर्न सकेमा आन्तरिक तथा भारतलगायत अन्य देशहरुबाट आउने पर्यटकहरुको संख्यामा वृद्धि हुने सम्भावना रहेको छ ।

३. यस प्रदेशका पहाडी र समथर भू-भागलाई जोड्ने पर्याप्त सडक सञ्जाल निर्माण गर्न सके स्थानीय रुपमा उत्पादित वस्तु तथा सेवालाई बजारीकरण गरी आयआर्जनमा टेवा पुऱ्याउन सकिने सम्भावना रहेको छ ।

४. भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सके भैरहवा, लुम्बिनी, बुटवल, परासी लगायत आसपासका स्थानहरुमा रहेका होटल व्यवसाय तथा अन्य आर्थिक क्रियाकलाप बढाउन सकिने सम्भावना रहेको छ ।

५. यस प्रदेशमा निर्माण भएका क्रिकेट स्टेडियम तथा सम्मेलन केन्द्रहरुमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेल तथा सम्मेलनहरु आयोजना गर्न सकिने सम्भावना रहेको छ ।

६. सहकारीको माध्यमबाट ठूलो मात्रामा पुँजी परिचालन हुने भएकाले सहकारीमार्फत उद्यमको विकास गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा लुम्बिनी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाहरुको पृष्ठभूमि, प्रगति विवरण, आयोजनाले पारेका प्रभावहरु एवम् पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावनाहरु समावेश गरिएको छ । साथै, लुम्बिनी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन अवस्था एवम् रोजगारीका चुनौती तथा सम्भावनाहरु समावेश गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास तथा वातावरण मन्त्रालयबाट हालसम्म प्रदेशको सडक पूर्वाधार अन्तर्गत भएका उपलब्धिहरु तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ सडक पूर्वाधारको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | २०८१ पुस मसान्त | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नयाँ ट्र्याक | कि.मी | ९९ | १२१ | ९१ | ९४ | ०.१५ | ४०५.१५ |
| ग्राभेल सडक | कि.मी | २७० | २६५ | २७१ | २१० | १४.२९ | १०३०.२९ |
| कालोपत्रे सडक | कि.मी | १९४ | २०२ | २३१ | १५० | ३३.८५ | ८१०.८५ |
| आर.सि.सी. सडक | कि.मी | ७.९० | २०.२० | २३ | १८ | ४.४४ | ७३.५४ |
| मोटरेवल पुल | वटा | १७ | ४० | २९ | ३९ | १२ | १३७ |
| झोलुङ्गे पुल | वटा | ७ | ११ | ६ | १७ | २ | ४३ |

*स्रोत : भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश सरकार*

**(क) नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)**

नवलपरासी (ब.सु.प.) को दाउन्नेदेखि रुपन्देही जिल्लाको बुटवलसम्म पर्ने नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड) को कुल लम्बाई ४८.५३५ किलोमिटर रहेको छ । यस सडक खण्डमा पर्ने बजार/बस्ती क्षेत्रमा ४ लेन सहित थप सर्भिस लेन, ग्रामीण क्षेत्रमा ४ लेन र दाउन्ने क्षेत्रमा ३ लेनको उच्च गुणस्तरको कालोपत्रे सडक निर्माण गर्नुका साथै ३० वटा साना-ठूला पुलहरु तथा कल्भर्टहरुको निर्माण गर्ने योजना रहेको छ । २०७५ माघमा शुरु भएको उक्त आयोजना तेस्रो पटक म्याद थप गरी २०८२ श्रावणसम्म गर्ने लक्ष्य रहेको छ । शुरु लागत रु.७,८६,३४,०१,२१६/५४ (भ्याट र पि.एस सहित) रहेको यस योजनाको संशोधित लागत रु.७,८९,०८,७०,३०३/०८ (भ्याट र पि.एस सहित) रहेको छ । हालसम्मको आयोजनाको भौतिक प्रगति ५३.३७ प्रतिशत र वित्तीय प्रगति ४४.३८ प्रतिशत रहेको छ । यस योजनाले कुल ७८० जना स्वदेशी ( ५८ महिला र ७०७ पुरुष) तथा १५ जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ ।

**(ख) सिद्धबाबा सुरुङ मार्ग योजना**

रुपन्देही र पाल्पा जिल्लामा अवस्थित सिद्धबाबा सुरुङ मार्ग योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality मा निर्माण व्यवसायी श्री China State Construction Engineering Co. Ltd. China सँग ठेक्का सम्झौता भएको छ । यो योजनाको ठेक्का सम्झौता रकम भ्याट र पिएस सहित रु.७ अर्ब ३४ करोड २१ लाख ४ हजार ७३४.१४ रहेको छ । यस योजना अन्तर्गत ११२६ मि. लामो सुरुङ मार्गको निर्माण तथा २४०० मि. लामो सडक फराकिलो गरी सुधार गरिने ठेक्का सम्झौता भएको छ । २०७८/११/२५ गते ठेक्का सम्झौता सम्पन्न भएको यस योजनालाई दुई फेजमा विभाजना गरिएको छ । पहिलो फेज Engineering, Procurement and Construction सम्बन्धी कार्य जम्मा १८२५ क्यालेन्डर दिन र Warrenty, Operation and Maintenance कार्य जम्मा १८२५ क्यालेन्डर दिनमा सम्पन्न

गरेपश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्ने तथा हस्तान्तरण पश्चात् Latent Defects Liability Period १० बर्ष हुने ठेक्कामा उल्लेख गरेको छ । हालसम्म यस आयोजनाको भौतिक प्रगति ३९.५० प्रतिशत र वित्तीय प्रगति ३९.९० प्रतिशत रहेको छ । यस योजनाले १३६ जना स्वदेशी (५ महिला र १३१ पुरुष) तथा ३९ जना (पुरुष) विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ । नेपालमा पहिलोपटक पूर्णरुपमा नेपाल सरकारको लगानीमा वातावरणीय अध्ययन गरी निर्माण हुन लागेको यस सुरुङ मार्ग निर्माण सम्पन्न भए पश्चात बुटवल-पाल्पा सडक खण्डको यात्रा खतरा मुक्त हुनुका साथै सुरुङ मार्ग हेर्न आउने पर्यटकको सङ्ख्या बढ्ने देखिन्छ जसले गर्दा बुटवल र पाल्पा जिल्लालाई Tourist hub को रुपमा स्थापित गर्न सहयोग पुग्ने देखिन्छ ।

**(घ) बबई सिँचाई आयोजना**

बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर कृषि योग्य क्षेत्रफलमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन बबई सिँचाई आयोजनाको मुख्य स्थान बारबर्दिया-१०, बर्दियामा रहेको छ । यस आयोजनाले लुम्बिनी प्रदेशको बर्दिया जिल्लाका बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, गुलरिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, मधुवन नगरपालिका र बढैयाताल गाउँपालिकामा प्रभाव पारेको छ । आर्थिक वर्ष २०४५/४६ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको लागत रु.१८ अर्ब ९६ करोड ३० लाख ४४ हजार रहेको छ । हालसम्म भौतिक प्रगति ७३.५१ प्रतिशत र वित्तीय प्रगति ७५.०१ प्रतिशत रहेको यस आयोजनामा कुल ४९० जना स्वेदेशी ( १४० महिला र ३५० पुरुष) नागरिकले रोजगारी प्राप्त गरेका छन् ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१. चुनौती

१. स्रोत सुनिश्चितता तथा विभिन्न निकायहरुबीच प्रभावकारी समन्वयको अभावका कारण आयोजनाहरु निर्धारित समय र लागतमा सम्पन्न गर्नु चुनौतीपूर्ण छ ।

२. जग्गा प्राप्तिमा रहेको कानूनी, प्रक्रियागत र व्यावहारिक जटिलता न्यून गर्नु चुनौतीपूर्ण छ ।

३. स्रोत व्यवस्थापनको वैकल्पिक तरिकाहरु र मोडलहरुको कुशल रुपमा प्रयोगमा ल्याई पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्नु चुनौतीपूर्ण छ ।

४. पूर्वाधारहरुको आवश्यकता र आपूर्तिबीच तालमेल कायम गरी व्यवस्थित शहरीकरण, एकीकृत वस्ती विकास तथा स्थानान्तरण गर्नु चुनौतीपूर्ण छ ।

५. प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको अनुकूलतालाई समेत ध्यानमा राखी भौतिक पूर्वाधारका संरचना निर्माण गर्नु चुनौतीपूर्ण छ ।

### ६.२.२. सम्भावना

१. जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना रहेको छ ।

२. लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्न रेल सेवा विकासका लागि विदेशीहरुले चासो देखाएकाले नेपाल सरकार तथा लगानी बोर्ड, नेपालसँग समन्वय गरेर रेल सेवाको विकास गर्ने सम्भावना रहेको छ ।

३. नयाँ नगर विकासको प्रारम्भिक चरणमा रहेकोले आधुनिक पूर्वाधार, मौलिक पहिचान सहित योजनाबद्ध विकास गर्न सकिने सम्भावना रहेको छ ।

४. प्रदेशमा प्रशस्त मात्रामा रहेका नदीनालाहरुबाट सडक विकासको लागि चाहिने निर्माण सामाग्रीहरुको सहज उपलब्धता कारण यस क्षेत्रमा गुणस्तरीय सडक सञ्जालको विकास तथा विस्तार भई अन्य पूर्वाधारहरुको समेत विकासको सम्भावना रहेको छ ।

५. यस प्रदेशभित्र राष्ट्रिय गौरवका तीन वटा सिँचाई आयोजनाहरु कार्यान्वयनमा रहेकाले नयाँ प्रविधि एवम् जल व्यवस्थापन मार्फत सिँचाई सुविधा विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ ।

### ६.३ रोजगारी

#### ६.३.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक (साउन-पुस) अवधिमा ८३ हजार १ सय २० जना सूचीकृत बेरोजगार रहेका छन् । जसमध्ये महिला ५५ हजार ८ सय ८५ जना र पुरुष २७ हजार २ सय ३५ जना रहेका छन् । यस अवधिमा कुल सूचीकृत बेरोजगार मध्येबाट ११० जनालाई यस कार्यक्रम अन्तर्गत कुल ५,२५५ दिनको रोजगारी प्रदान गरिएको छ । यस अवधिमा ४५८ आयोजनाहरु सञ्चालनमा रहेका छन् । उल्लिखित आयोजनाहरुमा आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक (साउन-पुस) अवधिमा कुल ५ हजार २ सय ५५ रोजगारी दिन सिर्जना भएको छ । जिल्लागतरुपमा विश्लेषण गर्दा समीक्षा अवधिमा सूचीकृत बेरोजगार युवाहरुको सङ्ख्या सबैभन्दा बढी बर्दिया जिल्लामा १६ हजार ८ सय ४५ जना रहेको छ भने सबैभन्दा कम नवलपरासी (ब.सु.प.) जिल्लामा २ हजार १ सय ७ जना रहेको छ (तालिका ६.२) ।

**तालिका ६.२: आ.व. २०८१/८२ को अर्धवार्षिक जिल्लागत रोजगारी**

| जिल्ला | आयोजना संख्या | सूचीकृत बेरोजगार सङ्ख्या | रोजगारीमा संलग्न व्यक्ति | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| रुकुमपूर्व | १४ | ४४४२ | ० | ० |
| रोल्पा | ९६ | ९९४५ | ० | ० |
| प्यूठान | ६६ | ८५९५ | १२ | १००० |
| गुल्मी | ८२ | १०६८५ | २३ | २६३ |
| अर्घाखाँची | ४२ | ५६३४ | ० | ० |
| पाल्पा | ३० | ५४१४ | ० | ० |
| नवलपरासी (ब.सु.प.) | ० | २१०७ | ० | ० |
| रुपन्देही | ६० | ४९२० | ३३ | ८७९ |
| कपिलवस्तु | ३९ | ४८३६ | ० | ० |
| दाङ | ७ | ६१८४ | ० | ० |
| बाँके | २ | ३५१३ | ० | ० |
| बर्दिया | २० | १६८४५ | ४२ | ३११३ |
| **जम्मा** | **४५८** | **८३१२०** | **११०** | **५२५५** |

### ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

#### ६.४.१. चुनौती

१. आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन रोक्नु चुनौतीपूर्ण छ ।
२. रोजगारीका क्षेत्रको पहिचान गरी रोजगार अभियान सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरु प्रदेश र स्थानीय रोजगार कार्यक्रमहरुमा अन्तर-आवद्धता कायम गर्दै रोजगारी प्रदान गर्न चुनौतीपूर्ण छ ।
४. सरकारका तीनै तह, निजी क्षेत्र र गैर सरकारी संस्थाका विभिन्न निकायहरु अन्तर्गत छरिएर रहेका व्यावसायिक तालिम तथा प्रशिक्षण कार्यक्रमलाई एकीकृत गरी प्रभावकारी र गुणस्तरीय बनाउनु चुनौतीपूर्ण छ ।

५. रोजगारी सिर्जना र व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र अन्तर-आवद्धता कायम गरी लक्षित समूहमा पुग्ने अवस्था सुनिश्चित गर्नु चुनौतीपूर्ण छ ।
६. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उच्च प्रतिफलयुक्त बनाउनु चुनौतीपूर्ण छ ।

६.४.२. **सम्भावना**

१. पढ्दै कमाउँदै तथा कमाउँदै पढ्दै कार्यक्रम, अभ्यासार्थीलाई रोजगारी, Start Up Business जस्ता कार्यक्रमको शुरुवात भएको हुँदा रोजगारी विस्तार हुने सम्भावना रहेको छ ।
२. वैदेशिक रोजगारमा गई प्राविधिक सीप सिकी आएका जनशक्तिलाई उद्यमशीलताका लागि ऋण सुविधा उपलब्ध गराउने नीतिगत व्यवस्थाले रोजगारी विस्तार हुने सम्भावना रहेको छ ।
३. गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षाका लागि सरकारी र निजी लगानी वृद्धि हुँदै जानु र सीपमूलक र प्राविधिक शिक्षा प्रतिको आकर्षणमा वृद्धि हुँदै जानुले दक्ष जनशक्ति उत्पादनको सम्भावना रहेको छ ।
४. प्रदेश सरकारले कृषि तथा कृषिजन्य उत्पादनमा ऋण, सहुलियत सुविधा आदि उपलब्ध गराएको परिप्रेक्ष्यमा कृषि क्षेत्रको रोजगारी बढ्ने सम्भावना रहेको छ ।
५. भैरहवा विशेष आर्थिक क्षेत्रको थप विकास गर्ने सरकारको नीति हुनु, थप उद्योगहरु स्थापनाका लागि दर्ता हुनु, विद्युतको सहज आपूर्तिका लागि सवस्टेशन समेत निर्माण कार्य भईरहनु जस्ता कारण यस प्रदेशमा थप रोजगारी बढ्ने सम्भावना रहेको छ ।

# परिच्छेद ७

# प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

### ७.१.१ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट

लुम्बिनी प्रदेश सरकारले "समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश" को सपना साकार पार्ने उद्देश्यले जारी गरेको आर्थिक वर्ष २०८१/८२ को बजेटका मुख्यतयाः ६ वटा उद्देश्यहरु रहेका छन्:

(क) प्रदेशको समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउँदै उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि सहितको आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकासमा जोड दिने,

(ख) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँचमार्फत मानव विकासमा जोड दिने,

(ग) भौतिक पूर्वाधारको परिमाण र गुणस्तर अभिवृद्धि गर्दै समृद्धिका सम्भाव्य क्षेत्रहरु पहिचान गर्ने,

(घ) स्थानीय श्रम, सीप र उद्यमशीलता प्रवर्द्धन गर्दै व्यावसायिक कृषि, स्वरोजगारमूलक उद्योग र प्रतिस्पर्धात्मक व्यापारको विकासबाट आत्मनिर्भरतातर्फ उन्मुख गराउने,

(ङ) पर्यटन क्षेत्रको प्रवर्द्धन गरी प्रदेशभरि रोजगारीका अवसरहरु सिर्जना गर्ने,

(च) सन्तुलित विकासको अवधारणाका आधारमा ग्रामीण क्षेत्रको सर्वाङ्गीण विकासलाई प्राथमिकता दिँदै क्षेत्रीय असन्तुलन घटाउने ।

बजेटका उद्देश्यहरु हासिल गर्न प्रदेश सरकारले रु.३८ अर्ब ९७ करोडको अनुमानित बजेट पेश गरेको छ जुन गत वर्षको तुलनामा ३.७१ प्रतिशतले कम हो । कुल विनियोजनमध्ये चालु खर्चतर्फ रु.११ अर्ब २४ करोड २७ लाख (२८.८७ प्रतिशत), पुँजीगत खर्चतर्फ रु.२४ अर्ब ५८ करोड ५९ लाख (६३.०९ प्रतिशत) र वित्तीय हस्तान्तरणतर्फ रु.३ अर्ब १४ करोड १३ लाख (८.०६ प्रतिशत) रहेको छ ।

चालु वर्षमा खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु.७ अर्ब ५१ करोड २१ लाख, संघबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु.१२ अर्ब १ करोड ५० लाख, संघबाट प्राप्त हुने रोयल्टी रु.५० करोड १७ लाख, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व रु.२ अर्ब ९२ करोड १९ लाख हुने अनुमान रहेको छ । त्यसैगरी, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.८ अर्ब २८ करोड ६४ लाख, सःशर्त अनुदानबाट रु.४ अर्ब १९ करोड ३३ लाख, समपूरक अनुदानबाट रु.७९ करोड ५० लाख, विशेष अनुदानबाट रु.७४ करोड ४६ लाख एवम् आर्थिक वर्ष २०८०/८१ को नगद मौज्दातबाट रु.२ अर्ब परिचालन हुने अनुमान रहेको छ ।

### ७.१.२ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८१/८२ का लागि लुम्बिनी प्रदेश सरकारले कुल बजेट रु.३८ अर्ब ९७ करोड विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार २०८२ पुस मसान्तसम्ममा विनियोजनको १९.३४ प्रतिशत अर्थात् रु.७ अर्ब ५३ करोड ८० लाख खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा विनियोजित बजेटको १८.५० प्रतिशत खर्च भएको थियो (तालिका ७.१) ।

**तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति (रु. दश लाखमा)**

| शीर्षक | उप-शीर्षक | आ.व.२०८०/८१ (साउन-पुस) | आ.व.२०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| खर्च | चालु | ३८०२.१८ | ३४४६.६८ | -९.३५ |
| | पुँजीगत | ३६८५.३८ | ४०९१.३७ | ११.०२ |
| | वित्तीय | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **७४८७.५६** | **७५३८.०५** | **०.६७** |
| राजस्व | कर | ४७४४.४७ | ६०९४.९३ | २८.४६ |
| | गैरकर | ६२१.३६ | ७९१.२८ | २७.३५ |
| | अन्य | २८५.८१ | १२२.६५ | -५७.०९ |
| | **जम्मा** | **५६५१.६४** | **७००८.८६** | **२४.०१** |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | ४०७४.१५ | ४१४३.२० | १.६९ |
| | समपूरक | ३११.५० | १९८.९५ | -३६.१३ |
| | विशेष | १८२.०० | १८६.१५ | २.२८ |
| | सशर्त | १८८६.५८ | १३३९.२८ | -२९.०१ |
| ऋण | आन्तरिक | ०.०० | ०.०० | ०.०० |
| | बाह्य | ०.०० | ०.०० | ०.०० |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*

आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट गरी कुल रु.२२ अर्ब ९५ करोड ७ लाख राजस्व परिचालन हुने अनुमान गरेकोमा २०८१ पुस मसान्तसम्ममा रु. ७ अर्ब ८८ लाख राजस्व परिचालन भएको छ, जुन कुल लक्षित राजस्वको ३०.५४ प्रतिशत मात्र हो । त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, समपूरक, विशेष र सशर्त गरी कुल रु. १४ अर्ब ०१ करोड ९३ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८१ पुस मसान्तसम्ममा कुल रु.५ अर्ब ८६ करोड ७४ लाख अनुदान प्राप्त गरेको छ जुन लक्षित अनुदानको ४१.८५ प्रतिशत हो (तालिका ७.१) ।

## ७.२ स्थानीय तहको बजेटको प्रगति अवस्था

### खर्च

लुम्बिनी प्रदेशका १०९ वटा स्थानीय तहहरुमध्ये छनौटमा परेका ४ उप-महानगरपालिका र १ नगरपालिकाको समीक्षा अवधिमा एकीकृत कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.२० प्रतिशतले वृद्धि भई रु.२ अर्ब ४६ करोड १० लाख रहेको छ । स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा अवधिमा कुल अनुमानित खर्चको सबैभन्दा धेरै घोराही उप-महानगरपालिकाले २७.८८ प्रतिशत र सबैभन्दा कम बुटवल उप-महानगरपालिकाले १३.८९ प्रतिशत खर्च गरेका छन् (तालिका ७.२) ।

### राजस्व

छनौटमा परेका स्थानीय तहहरुमा समीक्षा अवधिमा कुल राजस्व संकलन गत वर्षको सोही अवधिको तुलनामा ३२.९६ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १८ करोड ८४ लाख भएको छ । कुल राजस्व संकलनको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा अवधिमा स्थानीय तहहरुले कुल अनुमानित राजस्वको ३८.०९ प्रतिशत संकलन गरेका छन् जसमध्ये सबैभन्दा धेरै नेपालगञ्ज उप-महानगरपालिकाले ४९.९८ प्रतिशत र सबैभन्दा कम तुलसीपुर उप-महानगरपालिकाले ३१.०९ प्रतिशत राजस्व संकलन गरेको छ (तालिका ७.२) ।

तालिका ७.२: स्थानीय तहहरुको खर्च र राजस्वको स्थिति (रु.दश लाखमा)

| स्थानीय तह | अनुमानित खर्च २०८१ पुस मसान्त | वास्तविक खर्च २०८१ पुस मसान्त | वास्तविक खर्च (प्रतिशत) | अनुमानित राजस्व २०८१ पुस मसान्त | वास्तविक राजस्व २०८१ पुस मसान्त | राजस्व संकलन (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| सिद्धार्थनगर नगरपालिका | १०४२.५५ | ३२५.४८ | ३१.२२ | २४९.५० | ८०.९१ | ३२.४३ |
| बुटवल उप-महानगरपालिका | ३२९३.६९ | ४५७.४१ | १३.८९ | ९७०.०० | ३२१.१४ | ३३.११ |
| तुल्सीपुर उप-महानगरपालिका | २०७४.९५ | ५४२.२९ | २६.१४ | ३००.३१ | ९३.३८ | ३१.०९ |
| घोराही उप-महानगरपालिका | २४२७.७२ | ६७६.८५ | २७.८८ | ८१६.२५ | ३०१.३३ | ३६.९२ |
| नेपालगञ्ज उप-महानगरपालिका | १७६५.७३ | ४५८.९८ | २५.९९ | ७८३.७६ | ३९१.७३ | ४९.९८ |
| **कुल खर्च रकम** | **१०६०४.६४** | **२४६१.०१** | **२३.२१** | **३११९.८२** | **११८८.४९** | **३८.०९** |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

**अनुदान तथा हस्तान्तरण**

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा वर्षमा कुल अनुदान तथा हस्तान्तरण रकम गत वर्षको सोही अवधिको तुलनामा ११.८६ प्रतिशतले ह्रास भई रु.४ अर्ब १९ करोड ७७ लाख रहेको छ । कुल अनुदान तथा हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान, समपूरक अनुदान र सःशर्त अनुदानमा क्रमशः १३.७६ प्रतिशत, ३२.४३ प्रतिशत, ४८.९२ प्रतिशत र ८.३० प्रतिशतले ह्रास भएको छ (तालिका ७.३) ।

तालिका ७.३: स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण (रु.दश लाखमा)

| उप-शीर्षक | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| समानीकरण | १५३४.१३ | १३२३.०५ | -१३.७६ |
| समपूरक | १३९.९१ | ९४.५४ | -३२.४३ |
| विशेष | १३३.३१ | ६८.०९ | -४८.९२ |
| सशर्त | २९५५.३९ | २७१०.०६ | -८.३० |
| अन्य | - | १.९७ | - |
| **कुल अनुदान तथा हस्तान्तरण** | **४७६२.७४** | **४१९७.७१** | **-११.८६** |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

# परिच्छेद ८
# आर्थिक परिदृष्य

प्रदेशका कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रका तथ्याङ्कदाता एवम् अन्य सरोकारवाला निकायहरुबाट आर्थिक परिदृश्यसम्बन्धी प्रश्नावलीमार्फत् प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गरिएको छ । यस विश्लेषणका आधारमा लुम्बिनी प्रदेशमा हिउँदे वर्षा कम भएको कारण कृषि उत्पादनमा कमी हुने तथा औद्योगिक उत्पादन र सेवा क्षेत्रको गतिविधि चालु आर्थिक वर्षको बाँकी ६ महिनाको अवधि र आगामी आर्थिक वर्षहरुमा बढ्दै जाने अनुमान रहेको छ ।

## ८.१ कृषि क्षेत्र

१. कृषि विकास रणनीति (२०१५-२०३५) तर्जुमा भई कार्यान्वयनमा आएकोले नेपालको कृषि क्षेत्रको संरचनामा व्यापक र बहुआयामिक परिवर्तन आउने र कृषि व्यवसायको पनि अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।
२. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत लुम्बिनी प्रदेशमा सुपरजोन र जोन कार्यक्रमहरु सञ्चालन भईरहेको हुनाले अन्नबाली, फलफूल, माछामासु तथा तरकारीको उत्पादन बढ्न सक्ने सम्भावना रहेको छ ।
३. हिउँदे वर्षाको कमीले गहुँ लगायत हिउँदे बालीको उत्पादन घट्ने अनुमान रहेको छ भने बेमौसमी तरकारीको उत्पादन बढ्ने अनुमान रहेको छ ।
४. निजी जग्गामा वृक्षारोपणबाट वन उत्पादनमा वृद्धि भईरहेको तथा वन सम्वर्द्धन प्रणाली कार्यान्वयनमा आएकोले वनको अवस्थामा सुधार आउनुका साथै वनक्षेत्रको उत्पादन र उत्पादकत्व बढ्ने देखिन्छ ।

## ८.२ औद्योगिक क्षेत्र

१. भैरहवामा सञ्चालित विशेष आर्थिक क्षेत्र (SEZ) मा २७ उद्योगले सञ्चालन अनुमति पाएकोमा १० वटा उद्योगले उत्पादन सुरु गरेको, १७ वटा उद्योग निर्माणाधीन रहेको र रुपन्देहीको मोतिपुर, दाङको लक्ष्मीपुर र बाँकेको नौवस्ता औद्योगिक क्षेत्र निर्माणको चरणमा रहेको हुनाले आगामी वर्षहरुमा थप उद्योगहरु स्थापना भई औद्योगिक उत्पादन बढ्ने तथा थप रोजगारी समेत सृजना हुने देखिन्छ ।
२. पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेपनि अर्थतन्त्रमा रहेको अधिक तरलता र एकल अङ्कमा आएको कर्जाको ब्याजदरले उद्योग क्षेत्रमा कर्जा विस्तार हुने अपेक्षा गरिएको छ । पूर्वाधार तथा निर्माण व्यवसायमा सुधार हुने तथा यस प्रदेशका विभिन्न स्थानमा चुनढुङ्गा खानी तथा सिमेन्ट उद्योगहरु सञ्चालनमा आएको हुनाले सिमेन्टको उत्पादन बढ्ने देखिन्छ ।
३. २०८१ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशको उद्योग क्षेत्रमा प्रवाह भएको कर्जा अघिल्लो वर्षको तुलनामा ९.३४ प्रतिशतले वृद्धि भएको सन्दर्भमा औद्योगिक उत्पादनका साथै औद्योगिक क्षेत्रको रोजगारीमा समेत वृद्धि हुने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

१. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको, प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम घोषणा गरेको, निजी क्षेत्रले होटल, यातायात लगायतका क्षेत्रमा उल्लेख्य लगानी गरेको सन्दर्भमा पर्यटकहरुको आवागमनमा उत्साहप्रद वृद्धि भई विदेशी मुद्रा आर्जनमा थप सुधार हुने देखिन्छ ।
२. सिद्धबाबा मन्दिर, सुपादेउराली मन्दिर, स्वर्गद्वारी धाम लगागतका धार्मिक स्थलहरुमा सडक पूर्वाधारले सहजता हुनु, होटल रेष्टुरेन्टहरुको सुविधामा सुधार हुनु तथा केवलकारहरु सञ्चालनमा आउनु जस्ता कारणहरुले आन्तरिक तथा भारतीय धार्मिक पर्यटकहरुको संख्या बढ्ने देखिन्छ ।
३. भैरहवा/बुटवल तथा नेपालगञ्ज लगायतका क्षेत्रमा क्यासिनो खुल्ने क्रम बढेकोले भारतीय पर्यटकको आवागमन वृद्धि हुने देखिन्छ ।

४. रुपन्देही, बाँके, बर्दिया, कपिलवस्तु जस्ता तराईका जिल्लामा विद्यार्थी संख्याका आधारमा नेपालकै ठूला विद्यालयहरु सञ्चालनमा समुदाय तथा सरकारी क्षेत्रबाट समेत सकारात्मक पहल र चासो रहेकाले आगामी दिनमा शैक्षिक गतिविधि बढ्ने देखिन्छ ।
५. यस प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेका विभिन्न मेडिकल कलेजहरु तथा आँखा अस्पतालहरुमा स्वास्थ्य सेवाका लागि देशभित्र र बाहिरबाट समेत बिरामी आउने क्रम बढ्दो रहेको र लुम्बिनी प्रादेशिक अस्पताल निर्माणाधीन अवस्थामा रहेकाले आगामी समयमा स्वास्थ्य क्षेत्रको गतिविधि बढ्ने देखिन्छ ।
६. रुपन्देहीको बुटवल र भैरहवा क्षेत्रमा राइड शेयरिङ्ग व्यवसाय विस्तार भएको कारण यातायात क्षेत्रमा थप रोजगारी सिर्जना हुने देखिन्छ ।

**८.४ पूर्वाधार क्षेत्र**

१. महेन्द्र राजमार्ग अन्तर्गतको बुटवल-गोरुसिङ्गे सडक खण्डको विस्तारको काम सुरु भएको र नारायणघाट-बुटवल खण्डको सडक विस्तार तथा कालिगण्डकी कोरिडोर, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, मध्यपहाडी राजमार्ग लगायत ठूला सडक आयोजनाहरुको निर्माण अन्तिम चरणमा रहेको हुनाले आगामी दिनमा यस क्षेत्रको समग्र विकासमा टेवा पुग्ने देखिन्छ ।
२. रुपन्देही-पाल्पामा निर्माणाधिन सिद्धबाबा सुरुङ मार्गले यातायात सेवालाई सहज बनाउने, सिक्टा सिँचाई आयोजना तथा भेरी बबई डाईभर्सन आयोजना निर्माण सम्पन्न भएमा खेतीयोग्य भूमिमा सिँचाई सुविधा विस्तार हुने देखिन्छ ।